Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

वर्ष- १८, अंक- ६, २०८२ साल भदौ १७ गते मंगलबार (September 2, 2025) www.janaakash.com.np

# सप्तकोशीमा पानीको बहाव तिव्र, ३१ ढोका खोलियो



काटममाडौं- धरान ९ सप्तकोशी नदीमा पानीको सतह बढेको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रवक्ता योगराज खतविडाका अनुसार आइतबार बेलुकी १० बजे गरिएको जलसतह मापनमा कोशी ब्यारेजमा पानीको प्रवाह प्रतिसेकेन्ड दुई लाख २६ हजार ५६ क्युसेक पुगेको छ ।

आइतबार दउिँसो २ बजे एक लाख ७४ हजार ३७५ प्रतिसेकेन्ड पानीको प्रवाह मापन गर्दा २३ ढोका खोलिएको थियो । प्रवक्ता खतविडाका अनुसार कोशी ब्यारेजका ५६ ढोकामध्ये अहिले ३१ ढोका खोलिएका छन् ।

कोशी ब्यारेमा पानीको प्रवाह एक लाख ५० हजार क्युसेक नाघेपछि खतराको सङ्केत स्वरूप रातो बत्ती बाल्ने गरिन्छ । सोहीअनुसार रातो बत्ती बालिएको कन्ट्रोल रुमले जनाएको छ । पहाडी भेगमा भइरहेको वर्षाका कारण जलसतह बढ्दै गएको प्रहरी प्रवक्ता खतिवडाले बताएका छन् । वर्षा याममा प्रत्येक वर्ष यसैगरी सप्तकोशीमा पानीको वहाव बढ्ने गर्दछ । २०६४ भाद्र ५ गते पनि कोशीमा आएको पानीको वहाव बढेर समयमा नै सप्तकोशी ब्यारेजको ढोका भारतीय पक्षले नखोल्दा नेपाल तर्फका थुप्रै मानिसहरु डुबानमा परेर धन जनको क्षति भएको थियो । आउदा दिनमा त्यस्ता घटना हुन नदिन सबै पक्ष सजक र सर्तक रहनु पर्ने देखिन्छ ।

# महानगर उपप्रमुख डंगोल जेनेभा प्रस्थान



काठमाडौं- १७ देखि १९ भदौसम्म स्वीट्जरल्यान्ड जेनेभामा आयोजना हुने विश्व युवा नेता विश्वव्यापी शिखर सम्मेलनमा भाग लिन काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल आज प्रस्थान गरेकी छिन् ।

'द फोरम अफ यङ ग्लोबल लिडर्स' ले नयाँ युग हाँक्न नेतृत्व तयारीका लागि सम्मेलन आयोजना गरेको हो । फोरममा ४० वर्षभन्दा कम उमेरका युवा नेता छन् । यसमा शिक्षा, कला, संस्कृति तथा खेलकुद, व्यापार, नागरिक समाज, मिडिया, जनप्रतिनिधि, सामाजिक उद्यमशील लगायत क्षेत्रबाट प्रतिनिधित्व छ । सम्मेलनमा विभिन्न विधामा नेतृत्व गर्ने युवाबीच आपसी संवाद र सञ्जाल निर्माण हुनेछ । यस्तै योङ ग्लोबल लिडरबीच आपसी सिकाइ र अनुभव आदान प्रदान हुनेछ । यसले विश्वका फरक क्षेत्र र परिवेशलाई बुझ्न मद्दत गर्ने जनाइएको छ ।

डंगोलका अनुसार युवा विश्व नेता चयन भइसकेपछिको यो पहिलो बैठक हो । यसले फरक परिवेशका सम्भावना जान्ने अवसर प्रदान गर्ने उनले बताइन् ।

सम्मेलनमा उनका २ वटा प्रस्तुतीकरण हुनेछन् । गत वैशाखमा उपप्रमुख डंगोल, विश्व आर्थिक मञ्च २०२५ का लागि विश्वव्यापी युवा नेताहरूको मञ्चमा चयन भएकी थिइन् । युवालाई प्रेरणा प्रदान गर्ने र सांस्कृतिक पहिचानलाई आधुनिकतासँग जोड्ने राजनीतिज्ञका रूपमा उनलाई चयन » बाकी ६ पृष्ठमा

# पुटिनसँग ओलीका तीन प्रस्ताव



काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग सिधा हवाई उडानको प्रस्ताव राखेका छन् ।

सोमबार साँझ तियान्जिनको होटल रिट्ज कार्ल्टनमा भएको द्विपक्षीय भेटवार्तामा प्रधानमन्त्री ओलीले सो प्रस्ताव पुटिनसमक्ष राखेका हुन् । प्रधानमन्त्री ओलीसँगै भ्रमण टोलीमा रहेका एक सरकारी अधिकारीका अनुसार, दुई देशबीचको सम्बन्ध अझै विस्तार गर्नेगरी अघि बढ्न पनि प्रधानमन्त्री ओलीले प्रस्ताव राखेका छन् ।

'रुस-नेपाल हवाइ उडान सिधै गर्नेगरी सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रस्ताव भएको छ,' ती अधिकारीले भने, 'दुई देशबीचको सम्बन्ध अझै विस्तार गर्नेगरी अघि बढ्न पनि छलफल भएको छ ।' त्यस्तै, रुसमा नेपाली विद्यार्थीले पाउँदै आएको छात्रवृत्ति पनि बढाउनेबारे छलफल भएको स्रोतले बतायो । उनीहरूबीच करिब २५ मिनेट एक्लाएक्लै भेटवार्ता भएको थियो भने सरकारी टोलीसहित करिब पौने घण्टा छलफल भएको थियो । शाङ्घाइ सहयोग संगठन (एससीओ)को शिखर सम्मेलनमा भाग लिने क्रममा प्रधानमन्त्री ओली गत शनिबारदेखि चीनमा छन् ।

# भारतसँगको सीमा विवाद कूटनीतिक पहलबाट समाधान गर्नपर्छ : प्रचण्ड



काठमाडौं- नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सीमा समस्या समाधानका लागि सरकारले कूटनीतिक पहल लिनुपर्ने बताएका छन् ।

सोमबार साँझ सम्पन्न पार्टीको एशिया प्रदेश संगठन समितिको विस्तारित बैठकलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले सीमा समस्या कूटनीतिक पहलबाटै समाधान गर्नपर्छ भन्नेमा आफूहरू प्रष्ट रहेको बताए ।

उनले भने, 'सीमा समस्या कूटनीतिक पहलबाटै समाधान गर्नपर्छ भन्नेमा माओवादी केन्द्र स्पष्ट छ ।'

आफू प्रधानमन्त्री हुँदा भारत भ्रमणका क्रममा लिपुलेक र अन्य क्षेत्रका सीमा विवादबारे कुरा उठाएको भन्दै प्रचण्डले भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल-भारतको सीमा समस्या संवादबाट समाधान गरिने भन्न लगाएको उनको भनाइ छ । 'अहिलेको सरकारले कूटनीतिक पहलबाट सीमा समस्या समाधान » बाकी ६ पृष्ठमा

# कार्यालयभित्रै थुनिए जनप्रतिनिधि



काठमाडौं- पर्साको धोबिनी गाउँपालिकामा सोमबार विकास निर्माण लगायत योजना तथा कार्यक्रमबारे सूचना माग गर्न स्थानीय पुगेपछि जनप्रतिनिधिले कार्यालय भित्रबाट गेटमा ताला लगाएका छन् ।

जनप्रतिनिधिहरुले सूचना दिनुका साटोभित्रबाट गेटमा ताला लगाएर बसेपछि आक्रोशित स्थानीयले गेटबाहिरबाट सोमबार दिउँसो २ बजेतिर अर्को ताला लगाएको स्थानीय सुनिल साहले जानकारी दिएका छन् । दुबै पक्षबाट गेटमा ताला लागेपछि स्थानीयले गाउँपालिका कार्यालय अगाडि टायर बालेर प्रदर्शन गरेको उनले बताए ।

गाउँपालिकाले सञ्चालन गरेका विभिन्न योजना तथा कार्यक्रमसम्बन्धी सूचना माग्दा गाउँपालिका अध्यक्षले कुनै चासो नदेखाएको र कामकारबाही पारदर्शी नभएकोले स्थानिय सूचना माग्न सोमबार कार्यालय पुगेका थिए ।

अध्यक्ष चौहानले वीरगञ्जमा कोठामा बसेर गाउँसभा गर्ने तयारी गरिरहेको र त्यसो नगर्न आफूहरूले खबरदारी गर्दा पनि अटेरी गरेको साहको आरोप छ ।

'वडा वडाबाट योजना तर्जमाको काम समेत भएको छैन । वीरगञ्जमा कोठामै बसेर गाउँसभा गर्ने तयारी अध्यक्ष चौहानले गरिरहेका छन् । स्थानीयले गाउँमै गाउँसभा गर्न दबाब दिइरहेका छन्,' साहले भने । आफूहरूले सार्वजनिक सुनुवाइमार्फत गाउँपालिकाले गरेका गतिविधि बाहिर ल्याउन माग गर्दा समेत अध्यक्ष चौहानले नसुनेको उनको आरोप छ ।

गेटमा भित्र र बाहिरबाट ताला लागेपछि गाउँपालिका अध्यक्ष मदनप्रसाद चौहानसहित अन्य जनप्रतिनिधि र कर्मचारीहरू दिनभरि कार्यालय भित्रै थुनिएका थिए ।

घटनाबारे जानकारी पाउनेबित्तिकै इलाका प्रहरी कार्यालय पोखरियाको टोली धोबिनी गाउँपालिकाको कार्यालय पुगेको थियो । इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक स्वरूप शर्माका नेतृत्वमा प्रहरीको टोली गाउँपालिकाको कार्यालय पुगेको थियो । त्यसपछि दुवै पक्षबीच सहमतिका प्रयासस्वरूप वार्ता भएको थियो । दिनभरि चलेको वार्ता साँझ मात्रै सहमतिमा पुगेको हो । » बाकी ६ पृष्ठमा

# रूपन्देही–३ को उम्मेदवार छनोटमा नाउपाले केन्द्रबाट हस्तक्षेप नगर्ने




काठमाडौं- नागरिक उन्मुक्ति पार्टी (नाउपा) ले रूपन्देही-३ उपनिर्वाचनको उम्मेदवार चयन गर्ने अधिकार जिल्ला कमिटीलाई दिने निर्णय गरेको छ ।

नाउपा केन्द्रीय सदस्य दामोदर पण्डितका अनुसार, आइतबार र सोमबार बसेको केन्द्रीय कार्यसमिति बैठकले यस्तो निर्णय गरेको हो । बैठकले उम्मेदवार छनोटमा केन्द्रबाट हस्तक्षेप नगर्ने निर्णय पनि गरेको छ । बैठकमा १३ जना सदस्यहरू उपस्थित भएको दाबी पण्डितले गरेका छन् । उनले » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ६,
२०८२ साल भदौ १७ गते मंगलबार
2 SEPTEMBER 2025, TUESDAY

…dfG5]s ;}h]klg sd{lno/ cfPsf]xbg . l ; hgf u/]dfq efUo, ?k ;Gb/ xG5 . df]kg sfsl{

## सम्पादकीय

# यात्रा गर्दा सावधानी अपनाऔ ।

यो वर्ष वर्षा धेरै हुने मौषम पुर्व अनुमान माहाशाखाले जनाएको छ । गएको २०८१ साल असोज १२ र १३ गते परेको अविरल वर्षाका कारण देशैभरी जन धनको क्षति भएको थियो । त्यतिवेला गएको पैरो अझैपनि कतिपय ठाउँमा पन्साई सकिएको छैन । कतिपय ठाउँहरूमा सुख्खा पैरो झर्ने गरेको छ । २०८२ सालमा पनि त्यस्तै हुने होकी भन्ने मानिसहरूमा त्रास छ नै ।

त्यसैले सवैले यात्रा गर्दा मौषम हेरेर र सुरक्षाको सवै  बैकल्पिक मार्गहरू अपनायर मात्र यात्रा गर्नु पर्छ । आफ्नो सुरक्षा सकभर आफै गर्ने जानकारी नभएका कुराहरू सम्बन्धित अर्थात नेपाल प्रहरी अर्न्तगतको ट्राफिक कार्यलयको १०३ कन्ट्रोलमा जानकारी लिएर सडको अवस्था बझ्रेर सुरक्षित यात्रा गर्नुपर्छ ।

मानिसको जीवनमा दशा बाजा बजाएर आउदैन भन्छन् तर सावधानी अपनायो भने  कतिपय स्थितिमा दुर्घटनावाट बच्न सकिन्छे । कुनै क्षेत्रमा यात्रा गर्दा यात्रारत यात्रुलाई थाहा नहुन सक्छ । त्यही ठाउँको अवस्थाको वारेमा त्यहाको स्थानीय निकायहरूलाई जानकारी भईरहेको हुन्छ । त्यो जानकारी नेपाल प्रहरीको ट्राफिक कार्यलयलाई जानकारी भईरहेको हुनाले राज्यको सयन्त्र यस्तै जानकारी दिनको लागि केन्द्रीय प्रणलीमा रेकर्ड र प्रसार भईरहेको हुन्छ ।

त्यो जानकारी सम्बन्धित क्षेत्रका ट्राफिक प्रहरीलाई हुने भएको हुनाले अग्रीम जानकारी लिएर सुरक्षित यात्रा गर्न सकिन्छ । यसरी  जानकारी लिएर यात्रा गर्दा आफ्नो सुरक्षित यात्रा गर्न सकिन्छे । यस्तो सजिलो तरिकाहरूवाट नै जानकारी लिन सकिने र सुरक्षित यात्राको लागि उपायहरू अपनाएर यात्रा गरौं ।

# तपाईंको सफलता तपाईंबाटै प्रारम्भ हुन्छ



● प्रेम रावत

हाम्रो समाजमा मूलतः दुईवटा पुस्ता छन् । हिजोआज हरेक मानिसले मेरै कुरा सुनून् भन्ने चाहना राखेको पाइन्छ । दुई पिँढीका बीचमा दूरी बढिरहेको छ । यो दूरी पहिलेदेखि नै रहिरहेको छ तर हिजोआज केही बढी नै भइरहेको छ । जति पनि आमाबुबा हुनुहुन्छ, उहाँहरूमा के समस्या भइरहेको छ भने- ‘उहाँहरूले अब बालबालिकालाई के सिकाउने ! उहाँहरू र बालबालिकाबीचको दूरीलाई कसरी घटाउने ?’ वास्तवमा एउटा पुस्ताका मानिसहरू एउटा तरिकाले काम गरिरहेका हुन्छन् भने अर्को पुस्ता आएपछि उनीहरूभन्दा फरक किसिमले काम गर्न थाल्छन् ।

एउटा समय थियो, मानिसहरूले मान्यजनलाई साष्टाङ्ग दण्डवत् गर्ने गर्दथे । अहिले बिस्तारै-बिस्तारै यो चलन पनि बदलिरहेको छ । प्रथाहरू त बदलिरहन्छन् । तथापि, कुरा के हो भने सबैभन्दा पहिला हामीले यस कुरालाई बुझ्नुपर्छ- के सिकाउने ! मानिसहरूले के सिक्नुपर्छ । हामी बालबालिकालाई आदर गर्न सिकाउँछौँ । बालबच्चा सानै हुँदाखेरि यदि कसैले केही दियो भने हामी उनीहरूलाई सिकाउँछौँ, ‘धन्यवाद भन !’ हामी बालबालिकालाई शिष्टाचार सिकाउँछौँ । शिष्टाचार सिकाउनुपर्छ तर यस्तो तरिकाले सिकाउनुपर्छ जुन उनीहरूले बुझ्न सकून् । जबर्जस्ती गरेर त हामी कसैलाई केही सिकाउन पनि सक्दैनौँ ।

संसारमा धेरै कुरा भइरहेका छन् । जस्तो कि नर्वेमा शिक्षाको स्तर एकदमै गिरेको थियो । त्यहाँका मानिसहरूले सोचे- कुनै न कुनै तरिकाले हामीले आफ्नो शिक्षाको स्तरलाई अभिवृद्धि गर्नु आवश्यक छ । फलतः हाम्रो शैक्षिक स्थितिमा सुधार होओस् । उनीहरूले बालबालिकालाई गृहकार्य दिन बन्द गरे । जब बालबालिका बिहान विद्यालयमा जान्थे, उनीहरूमा पढ्ने मन हुँदैनथ्यो । उनीहरू कक्षाकोठामा बस्थे मात्रै तर उनीहरूको ध्यानचाहिँ बाहिर खेल्नमा नै हुन्थ्यो ।

अनि, बिहानदेखि दिउँसोसम्मको स्कुलमा पढाइ हुने समयलाई धेरै नै घटाइयो । पढाइका लागि केवल दुई घण्टाको समय मात्रै राखियो । बाँकी समय खेल्नका लागि छुट्याइयो । यस किसिमको व्यवस्था मिलाइएपछि केटाकेटीहरूले भरपुररूपमा खेल्ने अवसर पाए । जसै कक्षाकोठामा आउँथे उनीहरूको सम्पूर्ण ध्यान केवल पढाइमा नै केन्द्रित हुन्थ्यो । यसरी नर्वेको शिक्षाको स्तरमा निकै सुधार भयो । अन्ततः नर्वे छैटौँबाट पहिलो स्थानमा आइपुग्यो ।

तथापि, के हाम्रो समाज यी कुराहरूलाई अङ्गीकार गर्न तयार छ ? यी जुन आधुनिक तरिका छन्, जुन सफल भएका पनि छन्, जसमा सबैको भलाइ हुन्छ ! त्यसकारण हामी सबै एक हुनु आवश्यक छ । हामी सबै मिलेर एउटा नयाँ खुट्किलो निर्माण गरौँ, जुन सबैका लागि सफलताको खुट्किलो बनोस् ।

हिजोआज तनाव बढेर धेरै युवाहरू आत्महत्याको बाटो रोजिरहेका छन्, जुन अत्यन्तै विचारणीय पक्ष हो । यदि तपाइँ बेलुनलाई फुकिरहनुहुन्छ, फुकिरहनुहुन्छ भने तपाइँलाई राम्रोसँग थाहा होला त्यो बेलुन के हुनेछ ! प्रारम्भिक अवस्थाबाटै बालबालिकाको दिमागमा सफलताको हावा भरिदिन्छन्- तिमीले केही बन्नुपर्छ, तिमीले केही बन्नुपर्छ ।

परिणामतः उनीहरूको दिमागमा यही कुरा बस्छ- ‘म केही पनि होइन, मैले केही बन्नुपर्छ ।’ यस्तो नबनेपछि उनीहरूले गलत कदम उठाउने सम्भावना बढी हुन्छ ।

यो समस्या बालबालिकाले उब्जाएका होइनन् । यो समस्या त हाम्रै समाजद्वारा निर्मित हो । जब एकजना बालबच्चा मात्रै आफ्नो जीवनलाई समाप्त पार्न विवश बन्छ भने पूरै समाजमा नै सचेतना आउन आवश्यक हुन्छ । बालबालिकाको काम त यो जीवनमा आनन्द लिनु हो । हामीले उनीहरूलाई यस जीवनका लागि प्रेरित गर्नुपर्दछ, किनभने उनीहरूले आफ्नो बालापनलाई गुमाइसकेका छन् ।

सफलताको रोग एकदमै घातक हुन्छ । यसले तपाइँलाई सफलीभूत तुल्याउँदैन । तपाईंको सफलता तपाईंबाटै प्रारम्भ हुन्छ अनि त्यो सफलता एउटा पुष्पसमान हुन्छ । त्यसमा पानी हाल्नुहोस्, त्यो आफै फुल्छ । त्यसको पातलाई चुँडेमा त्यो फुल फुल्न सक्दैन, चाहे तपाइं जतिसुकै कोशिश गर्नुहोस् । त्यो फुललाई फक्रन दिनुहोस् । सफलता त पहिलादेखि नै तपाईंभित्रै छ, जुन दिन तपाईंले श्वास लिनुभयो, तपाईं सफल हुनुभयो । अनि जबसम्म तपाईंभित्र श्वास आइरहेको छ र गइरहेको छ, तपाईं सफल हुनुहुन्छ ।

यो समस्या अत्यन्तै गम्भीर समस्या हो । एकजना बच्चाले आत्महत्या गर्नु भनेको पनि ठूलो विडम्बना हो । एकजनाले पनि आत्महत्या गर्नुहुँदैन । यो समय त्यसका लागि होइन । अँध्यारोका लागि यो समय होइन, यो त उज्यालोका लागि प्राप्त समय हो । यदि कुनै समाजमा यस्तो भइरहेमा त्यसलाई के बुझ्नुहोस् भने, वास्तवमा त्यो समाजका मैनबत्तीहरू निभेका छन् । कसैसँग पनि ती मैनबत्ती बाल्नका लागि बलिरहेको मैनबत्ती छैन । यो अत्यन्तै आवश्यक छ, बलिरहेको मैनबत्ती होओस् अनि अरू मानिसहरूले पनि त्यसबाट बाल्न सकून् ।

यो एकदमै आवश्यक छ । आशा एउटा यस्तो कुरा हो, जुन आशा हाम्रो जिन्दगीबाट गएपछि अन्धकार बढ्न थाल्छ । त्यसकारण हाम्रो जिन्दगीबाट कहिल्यै पनि आशा हराउनुहुँदैन । हामीलाई आशाको आवश्यकता छ । किनभने आशा समाप्त भएपछि मानिसमा निराशा उत्पन्न हुन्छ । निराशा उत्पन्न भएपछि अँध्यारो हुन थाल्छ । त्यसपछि देख्न सकिँदैन- कहाँ गइरहेका छौँ । तब सबै कुरा समाप्त हुन्छन् ! त्यसकारण आफूभित्रको आशालाई समाप्त हुन नदिनुहोस् अनि जागृत रहनुहोस् ।

कोरोना महामारीको समयमा मानिसहरू निकै चिन्ताग्रस्त थिए । हरेक दिन यसबाट पीडित मानिसहरूको सङ्ख्या बढिरहेको थियो । मानिसहरू निराश र हतास भइरहेका थिए । त्यस्तो समयका बारेमा मानिसहरूले कल्पना पनि गरेका थिएनन् । सबैभन्दा ठूलो कुरा त के हो भने- ‘जुन चीजको तपाइँलाई खोजी छ त्यो तपाइँभित्रै छ ।’ कोरोना भाइरस होओस् वा नहोओस्, आफ्नो जीवनमा त्यस चिजलाई चिन्नुहोस् । यदि त्यही चिज तपाइँको आशा र शान्तिको स्रोत बन्यो भने वास्तवमा तपाइँको जीवनमा शान्ति हुनेछ । अनि, त्यही चिज तपाइँको आनन्दको स्रोत पनि बन्यो भने तपाइँको पूरै जीवन आनन्दले भरिपूर्ण हुनेछ ।

कुरा के हो भने तपाइँभित्र रहेको चिज राम्रो, पवित्र अनि अत्यन्तै उत्तम छ । तर, जुन समस्याका कारण मानिस दुःखी हुन्छ, त्यो समस्या के हो ? जस्तो- एउटा कमिजमा दाग लागेको छ, त्यो मैलो भएको छ भने त्यो कमिज देखेपछि तपाइँलाई मन पर्दैन । अब तपाइँ यो कुरा बताउनुहोस्- तपाइँलाई त्यो कमिज राम्रो लाग्छ कि लाग्दैन ? राम्रो देखिँदैन, किनकि त्यसमा दाग लागेको छ । त्यसो भए कमिज र त्यसमा लागेको दागमध्ये कुनचाहिँ वास्तविक हो ? कमिज त कमिज नै हो । त्यस कमिजमा लागेको दागलाई त धुन सकिन्छ । हटाउन सकिन्छ । त्यसको दाग हटेपछि तपाइँले देख्नुहुनेछ- त्यो कमिज वास्तवमा कस्तो छ ! यदि तपाइँ कुनै चिजलाई धुनुहुन्छ भने धुनुको अर्थ दाग हटाउन सकियोस् भन्ने हो ।

त्यसै गरी, जुन मैलो लागेको हुन्छ, जुन दुःख-कष्ट मानिसलाई हुन्छ, त्यो उसको भ्रमका कारणले हुन्छ । मानिस भ्रमित भएपछि जे स्पष्ट छ, जे यथार्थ हो, त्यसलाई उसले देख्न सक्दैन । यद्यपि त्यो मैलो हटेपछि वास्तविक रूप कस्तो छ, उसले देख्न सक्छ ।

हामीले आफ्नो जीवनमा, आफ्नो काँधमा विनाकामको बोझ उठाएका छौँ ।

जुन हामीलाई केही काम लाग्दैन । यसले अहिले पनि तपाइँलाई दुःख दिइरहेको छ र पछि पनि दुःख दिइरहन्छ । जबसम्म तपाइँ त्यस बोझलाई आफ्नो काँधबाट तल राख्नका लागि सोच्नुहुन्न, त्यसको उपायका बारेमा जानकारी लिनुहुन्न तबसम्म त्यो बोझ भइरहनेछ । परिणामतः तपाइँले आफूभित्र रहेको चिजको फाइदा लिन सक्नुहुन्न । किनभने, मनका कामनाहरू हुन्छन्, मन त प्रिन्टरजस्तै हो । यसले फोटो प्रिन्ट गरिरहन्छ- ‘हेर्दा यस्तो हुनुपर्छ, उस्तो हुनुपर्छ ।’ जिन्दगीमा ती कुराहरू प्राप्त नभएपछि मानिस दुःखी हुन्छ- ‘मेरो यो इच्छा पूरा भएन । मेरो यो कुरा पूरा भएन ।’

हामी आफ्नो जीवनमा के चाहन्छौँ भन्ने कुरा त हामीमाथि नै निर्भर रहन्छ । कसैलाई पनि निराशा मन पर्दैन । दुःख कसैलाई पनि राम्रो लाग्दैन । यसर्थ हामी सबै दुःखबाट बच्न चाहन्छौँ । हामी सबै निराशाबाट बाहिरिन चाहन्छौँ । सबैले निराशा नहोओस् भन्ने चाहना राख्छन् । यद्यपि जबसम्म हामीले यस्तो स्रोत खोज्दैनौँ, जुन स्रोतबाट केवल आशा नै आशा मात्र प्राप्त हुन्छ तबसम्म हाम्रो जीवनमा दुःख नै नहोओस्, निराशा नै नआओस् भन्ने कुरा कसरी सम्भव होला र ! किनकि, हामीलाई थाहा नै हुँदैन । हामीले आफूभित्र बसेको आनन्द र हामीभित्र अवस्थित परमात्मा हाम्रै स्रोत हुन् भन्ने कुरा बुझेपछि हामी कहिल्यै पनि निराश हुनुपर्दैन । चाहे जेसुकै होओस्, हाम्रो जीवनमा उनी सधैँ हाम्रो साथमा छन् । दुःखमा अनि सुखमा पनि । तिनै एउटा यस्ता चिज हुन्, जसले दुःखमा पनि हामीलाई सुख दिन सक्छन् । अनि उनी नै एउटा यस्ता चिज हुन्, जसले सुखमा रहँदा पनि सुखलाई अझै बढाउन सक्छन् ।

कति व्यक्तिहरुले इनार खन्छन् अनि इनार खनेपछि पनि त्यो सुकेर जान सक्छ । सुकेपछि अनि उनीहरु चिन्तित हुन्छन् । वर्षातको मौसम आएपछि थोरै-थोरै गरेर त्यसमा पानी जम्मा हुन थाल्छ । त्यसपछि त्यो इनार भरिन्छ । तसर्थ, यस्तो इनार चाहिन्छ जुन इनार सधैँभरि गर्मी या जाडोमा, वर्षात या सुख्खा समयमा पनि भरिएको होओस् । त्यस्तो कुनचाहिँ वस्तु छ ? त्यस्तो चिज तपाइँभित्रै छ । त्यस्तो चिज तपाइँभित्र भएका कारणले तपाइँ भाग्यशाली हुनुहुन्छ ।

तपाइँ तिर्खाएर आत्तिनुपर्ने आवश्यकता छैन । किनकि, तपाइँभित्र एउटा यस्तो कुवा छ जसमा अटुटरूपमा पानी हुन्छ । त्यस्तो चिज तपाइँभित्र छ । तथापि, जबसम्म तपाइँले त्यही चिजलाई आफ्नो जीवनमा यी कुराहरूको स्रोतका रूपमा हेर्नुहुन्न, जबसम्म हामी आफूले आफूलाई चिन्दैनौँ, पहिचान गर्दैनौँ, जबसम्म हामी आफ्नो जीवन सचेतरूपले जिउँदैनौँ, आफ्नो हृदय आभारले भरिपूर्ण तुल्याउँदैनौँ तबसम्म यो संसारमा केही न केही त भइरहन्छ । तसर्थ, त्यो चिज, त्यो स्रोतलाई चिन्नुहोस् र पहिचान गर्नुहोस्, जसले गर्दा तपाइँको जीवनमा पनि त्यो साँचो आनन्द प्राप्त होओस् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# यी हुन् मन्त्रिपरिषद् बैठकका निर्णयहरू

काठमाडौं- नेपाल सरकार मन्त्रिपरिषद्को यही भदौ १३ गते बसेका बैठकका निर्णय सार्वजनिक गरिएका छन् । सोमबार सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बैठकका निर्णय सार्वजनिक गरेका हुन् ।

बैठकले आगामी असोज १९ देखि २३ गतेसम्म दक्षिण अफ्रिकाको केप टाउनमा आयोजना हुने २५औं 'फिगो वल्ड कंग्रेस अफ गाइनेकोलोजी एन्ड अब्स्ट्रेक्टिस' कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य प्रा. डा. रामपदारथ विच्छालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, असोज ८ देखि ९ गतेसम्म जापानको टोकियोमा आयोजना हुने 'द फोर्टिन हाइ-लेवल टाक्स कन्फ्रेन्स फर एसियन एन्ड स्पेसिफिक कन्ट्रिज्' विषयक सम्मेलनमा सहभागिताका लागि अर्थ मन्त्रालयका सचिव (राजस्व) दिनेश घिमिरेलाई स्वीकृति प्रदान गर्ने निर्णय गरिएको छ ।

यस्तै, यही भदौ २२ देखि २८ गतेसम्म मलेसियाको क्वालालम्पुरमा आयोजना हुने ' आइसिआइडीयुएस मेगा इभेन्ट', चौथो 'वर्ल्ड इरिगेसन फोम तथा ७६ औं इनटरनेसनल एक्जुकेटिभ काउन्सिल' आइसी' को बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (जलस्रोत तथा सिँचाइ) सरिता दवाडीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय रहेको छ ।

यसैगरी भदौ २३ देखि २५ गतेसम्म भारतमा आयोजना हुने 'डाइलग नेक्स्ट' कार्यक्रममा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्मालाई स्वीकृति दिने निर्णय भएको छ । यस्तै, नेपालमा सञ्चालन हुने गैर नाफामूलक सङ्घ संस्था (एनपिओ) हरूको एकीकृत विवरण राख्ने




प्रयोजनका लागि गृह मन्त्रालयले तयार गर्ने 'एनपिओ पब्लिक पोर्टल सफ्टवेयर' सञ्चालनका लागि आवश्यक विवरण प्राप्त गर्न उक्त पोर्टललाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग 'एप्लिकेसन प्रोग्राम इन्टरफेस (एपिआइ)' मार्फत आबद्धता प्रदान गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको मन्त्री गुरुङले जानकारी दिए ।

बुमन पोलिटिकल लिडर्स (डब्लुपिओ) ले नेपाललाई प्रदान गर्ने 'डब्लुपिएल कन्ट्री अवार्ड २०२५' प्राप्त गर्ने र मोन्टिनिग्रोमा आयोजना हुने उक्त अवार्ड वितरण कार्यक्रममा सहभागी हुन (असोज १२ देखि १४ गते) परराष्ट्रमन्त्रीलाई स्वीकृति प्रदान गर्ने निर्णय भएको छ । यसैगरी, विशेष अदालतको अध्यक्ष पदमा उच्च अदालत जनकपुरका न्यायाधीश सुदर्शनदेव भट्ट तथा सदस्य पदमा उच्च अदालत पाटन, हेटौँडा इजलासका न्यायाधीश नारायणप्रसाद पौडेल, उच्च अदालत सुर्खेतका न्यायाधीश हेमन्त रावल, उच्च अदालत सुर्खेत, जुम्ला इजलासका न्यायाधीश डिल्लीरत्न श्रेष्ठ र उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका न्यायाधीश उमेश कोइरालालाई तोक्ने निर्णय गरिएको मन्त्री गुरुङले जानकारी दिए । बैठकले राजस्व न्यायाधीकरण नेपालगञ्जको कानुन सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका न्यायाधीश मुनेन्द्रप्रसाद अवस्थीलाई तोक्ने, श्रम अदालतको सदस्य पदमा अधिवक्ता कुमारी खरेल, झापालाई नियुक्त गर्ने र सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका लागि आर्थिक वर्ष २०८२/८३ का लागि अधिकृतस्तरका ५८ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णग गरेको छ । बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आर्थिक वर्ष २०८२/८३ का लागि ८७ अधिकृतस्तरका पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने, विर्ता उन्मूलन (नवौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने, आव २०८२/८३ मन्त्रालयअन्तर्गत राष्ट्रिय युवा परिषद्, फाप्ला अन्तरराष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति र राष्ट्रिय 'एन्टिडोपिङ ऐजेन्सी'मा २१ अधिकृतस्तरका अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ । पुरातत्व विभागमार्फत सञ्चालित भूकम्पपछिको पुनर्निर्माण कार्यक्रम आव २०८२/८३ का लागि अधिकृतस्तरका १० अस्थायी दरबन्दीहरू स्वीकृत गर्ने सरकारले निर्णय गरेको छ ।

मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको गोन्जाउ र साङ्घाईमा भदौ २७ देखि असोज ४ गतेसम्म हुने १२ औं बेजिङ साङ्घाई फोरममा सहभागी हुन प्रधानसेनापति महारथी अशोकराज सिग्देललाई स्वीकृति प्रदान गर्ने, कात्तिक ११ देखि १३ गतेसम्म लण्डनमा आयोजना हुने 'ग्लोबल हायर एजुकेसन' सम्बन्धी 'रिलाइन्स, भ्यालुस्, इनोभेसन सर्भाविङ एन्ड थ्रिभिङ इन अ भोलाटाइल वर्ल्ड' विषयक सम्मेलनमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (शिक्षा) चूडामणि पौडेललाई भाग लिन स्वीकृति दिने निर्णय गरिएको छ ।

यसैगरी ललितपुरमा रहेको नवदुर्गा भवानी देवीको १२ वर्षे जात्रा र छाप्रो निर्माणका लागि १२३५ दशमलव ७४ क्युफिट काठ उपलब्ध गराउने प्रयोजनार्थ उक्त काठको राजस्व रोयल्टी रकम रु १० लाख १९ हजार ४६९ मिनाहा गर्ने, 'कोस्क्याप साउथ एसिया प्रोजेक्ट' छैटौं चरणको कार्यक्रम स्वीकृत गर्ने, नेपाल सरकार र साउदी अरेबिया सरकारबीच 'एग्रिमेन्ट अन जेनरल वर्कस् रिक्रुट्मेन्ट बिटविन द गर्भमेन्ट अफ नेपाल एन्ड द गर्भमेन्ट अफ द किङडम अफ साउदी अरेविया' विषयक श्रम सम्झौता गर्ने सरकारले निर्णय गरेको छ । यसका साथै शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्रको सिमाना हेरफेर र छायाँनाथ राष्ट्रिय निकुञ्ज एवम् मध्यवर्ती क्षेत्र घोषणा गर्ने, तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२ २०८७) स्वीकृत गर्ने र राष्ट्रिय खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०६२ स्वीकृत गर्ने निर्णय गरिएको छ ।

# लुम्बिनी र गण्डकीको साझा विकास मोडेलमा समेटिएन कालीगण्डकी डाइभर्सन

पोखरा । लुम्बिनी र गण्डकी प्रदेशको मुख्यमन्त्रीस्तरीय संयुक्त बैठक सोमबार बस्यो । बैठकमा दुवै प्रदेशको समग्र विकासका लागि साझा विषय पहिचान एवं कार्यान्वयन गर्ने विषयमा सहकार्य गर्ने सम्झौता भयो ।

गण्डकी प्रदेश सरकारको आयोजनामा सोमबार स्याङ्जाको गल्याङ नगरपालिका-१ मा बसेको दोस्रो संयुक्त बैठकले ९ बुँदे प्रतिबद्धता सार्वजनिक गर्‍यो । तर सबैभन्दा बढी चासो र चर्चामा रहेको 'कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना' बारे बैठकमा छलफलसमेत भएन । छलफल नै नभएपछि साझा प्रतिबद्धतामा यो विषय समेटिने कुरै भएन । त्यसपछि पत्रकारहरूले लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसमक्ष कालीगण्डकी डाइभर्सनको विषय नसमेटिएकोबारे प्रश्न तेर्स्याए । आयोजनाबारे दुवै मुख्यमन्त्रीले दिएको अभिव्यक्ति बाझिन पुग्यो ।

लुम्बिनीका मुख्यमन्त्री आचार्यले कालीगण्डकी डाइभर्सन आवश्यक पर्ने तर तल्लो तटीय क्षेत्रमा असर पर्न नहुने बताए । तर, मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारको समन्वय र सहमतिविना उक्त आयोजना अगाडि बढाउन नसकिने बताए । मुख्यमन्त्री पाण्डेले तल्लो तटीय क्षेत्रका नागरिकलाई असर पर्ने गरी, जैविक विविधता बिगारेर कालीगण्डकी डाइभर्सन अगाडि बढ्न नसक्ने अडान राखे । मुख्यमन्त्री पाण्डेले संघ सरकारले प्रदेश सरकारसँग सल्लाह नै नगरी यो आयोजना अगाडि बढाएको बताए ।




यो विषयबारे राष्ट्रिय समस्या समाधान समिति बैठकमा पनि आफूले कुरा राखेको उनले बताए । पाण्डेले भने, 'यो नदी ५००/६०० किलोमिटर लामो होला । त्यो मध्ये १०० किलोमिटर मात्र लुम्बिनी र गण्डकीको साझा हो । अरू सबै गण्डकी प्रदेशभित्र पर्छ । त्यसैले यो नदीको बारेमा कुनै पनि योजना बनाउँदा गण्डकी प्रदेश सरकारको सहमतिविना बन्न सक्दैन ।' दुई/तीनटा कुरालाई सम्बोधन नगरी यो आयोजना अगाडि बढ्न नसक्ने भन्दै उनले अगाडि भने, 'यदि बनाउने हो भने यसको जलप्रवाहको स्थिति के हो ? दुई प्रदेशबीचको बेनिफिट सेयरिङको स्थिति के हो ? तल्लो तटीय क्षेत्रका जनता तथा जीवजन्तु जे-जे छन् तिनलाई पर्ने असर के हो ? सबैभन्दा ठूलो कुरा कालीगण्डकी नदीको धार्मिक आस्थामाथि आँच नआउने प्रबन्ध कसरी हुन्छ ?' यी कुराहरूको सम्बोधन नगरी अथवा ठोस उत्तर नआई आयोजना अगाडि बढाउनका लागि गण्डकी प्रदेश सरकारले सहकार्य नगर्ने उनको भनाइ छ । बैठकको निर्णयपछि कालीगण्डकी प्रभावित क्षेत्रका पालिका र नागरिकका तर्फबाट पूर्वसांसद शंकर पाण्डेले दुवै मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै कालीगण्डकी डाइभर्सन आयोजना अगाडि नबढाउन माग गरे ।

१२ असार २०७८ मा अर्थमन्त्री विष्णु पौडेलले आयोजनाको कार्यालय बुटवलमा स्थापना गरेपछि गण्डकी प्रदेश र लुम्बिनी प्रदेशबीच पक्ष/विपक्षमा बहस पेचिलो बनेको छ । आयोजना कार्यान्वयनको चरणमा प्रवेश गरेसँगै यसले देशको राजनीति तरंगित बनाएको छ ।

/fdÞfk 8fo/L

# मन्थली नगरपालिका जिल्लाकै पहिलो बालमैत्री स्थानीय शासनयुक्त घोषणा

काठमाडौं- रामेछापको मन्थली नगरपालिका जिल्लाकै पहिलो बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा भएको छ । बुधबार बागमती प्रदेशका सामाजिक विकास मन्त्री कञ्चनचन्द्र बादेले मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्नंभयो ।

बालबालिकाको सर्वाङ्गीण विकासका लागि मन्थली नगरले विगत दुई वर्षदेखि विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । नगरभित्रका सबै १४ वटै वडा गत जेठ २८ गते नै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भइसकेका छन् ।

२०७९ पुस १०-११ गते बसेको १२औं नगरसभाले मन्थलीलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका बनाउने निर्णय गरेको थियो । प्रतिवद्धताअनुसार २०८१ जेठ मसान्तभित्र घोषणा गर्ने योजना भए



पनि कार्यान्वयन भने यस वर्ष जेठमा मात्र सम्पन्न भएको हो ।

यस घोषणाले बालबालिकाको हक र हितमा काम गर्दै उनिहरुको समग्र विकास र सुरक्षित वातावरण सुनिश्चित गर्न नगरपालिका प्रतिबद्ध रहेको नगर प्रमुख लब श्रेष्ठले बताउनुभयो । अब नगरपालिकाले बालबालिकाका लागि थप सुविधाहरू र कार्यक्रमहरू पनि सञ्चालन गर्ने उहाँको भनाई छ ।

जिल्लाकै रामेछाप नगरपालिका पनि यहि भदौ २१ गते शनिबार बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको तयारीमा जुटेको छ ।

# गजुरी गाउँपालिकामा बजेट विवाद : अध्यक्ष र उपाध्यक्षबीच जुहारी



धादिङ- धादिङको गजुरी गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ को बजेटका विषयमा विवाद भएको छ ।

गत १० असारमा गाउँसभामार्फत ल्याइएको बजेटभन्दा बेग्लै शीर्षक र योजनाहरू थपेर गाउँपालिकाको बजेट किताब छापिएको भन्दै गाउँपालिका उपाध्यक्ष शर्मिला बिसुरालले विरोध जनाएकी हुन् ।

'१० असारमा सम्पन्न १६औं गाउँसभाबाट ६७ करोड २२ लाख ९२ हजार बजेट सार्वजनिक गरिएको भए पनि गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको मिलेमतोमा आफूखुसी खर्च गर्नेगरी बजेटको आकार बढाइयो,' उपाध्यक्ष बिसुरालले विज्ञप्ति जारी गर्दै भनेकी छिन्, '३ करोड ७ लाख रुपैयाँ थप गरी गाउँपालिकाको बजेट किताब प्रकाशन गरिएको छ ।'

गाउँसभामा प्रस्तुत गरिएको तथ्याङ्क एवं लिखितलाई कोही व्यक्ति विशेषले परिवर्तन गर्न नपाउने भन्दै उनले सभामा प्रस्तुत गरिएकोभन्दा बढी बजेट राखेर अनुमतिविना नै आफ्नो हस्ताक्षर प्रयोग गरी पुस्तक छापेको उनको दाबी छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँसभामा पेस गरिएको बजेटभन्दा बाहेक तोडमोड गरी बजेट किताब प्रकाशन गर्नेहरूलाई कानुनी दायरामा ल्याई तत्काल गाउँसभाको आह्वान गरी पुनः बजेट सार्वजनिक गर्न उनले माग गरेकी छिन् ।

उपाध्यक्ष बिसुरालले गाउँपालिकामा पछिल्लो समय उपाध्यक्षको हैसियतले संवैधानिक प्रावधानअनुरूप गर्न पाउने विभिन्न विषयगत काम-कारबाहीमा पनि बारम्बार हस्तक्षेप भइरहेको आरोप लगाएकी छिन् ।

गाउँपालिका अध्यक्ष गणेशलाल श्रेष्ठले भने उपाध्यक्ष बिसुरालले लगाएको आरोप मनोगत र पार्टीप्रेरित भएको बताएका छन् । एक भिडियो व्यक्तव्य जारी गरी अध्यक्ष श्रेष्ठले बजेट किताब प्रकाशन विषयमा आफूलाई जानकारी नै नभएको र उपाध्यक्षसँग छलफल नै नभएको भन्ने आरोपमा कुनै सत्यता नरहेको बताएका हुन् ।

सबै वडाअध्यक्षसँग छलफल गर्नंका साथै उपाध्यक्षलाई जानकारी दिएरै ६७ करोडबाट बजेट ७० करोड बनाएको स्वीकार गर्दै अध्यक्ष श्रेष्ठले संघ र प्रदेशबाट आउने बजेट असारको अन्तिममा आउने र अघिल्लो वर्षहरूमा जस्तै यसवर्ष पनि अल्या गरेर बजेट थप गरी किताब प्रकाशित गरिएको बताए ।

बजेट आफ्नो व्यक्तिगत प्रयोजनको लागि नभई गजुरी गाउँपालिकाभित्रै खर्च गर्नेगरी बढाइएको र बढेर आउँदा पनि उपाध्यक्षले विरोध गर्नंको कुनै औचित्य नभएको उनले बताए । उपाध्यक्षलाई गाउँपालिकाबाट पर्याप्त सेवा-सुविधा दिइरहे पनि पटकपटक अध्यक्षको विरोध गरिरहेको आरोपसमेत लगाए ।

गजुरी गाउँपालिकामा अध्यक्ष नेकपा माओवादी केन्द्रबाट निर्वाचित हुन् भने उपाध्यक्ष नेपाली कांग्रेसकी हुन् । यो पालिकामा कांग्रेस र माओवादीको गठबन्धन भएको थियो ।

गजुरी गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षबीचको विवाद पहिलो भने होइन । गत फागुनमा जनयुद्ध दिवसका दिन बिदा दिएको र बिदा नदिएको विषयमा अध्यक्ष र उपाध्यक्ष दुवैले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी विवाद निम्त्याएका थिए ।

त्यस्तै गत १९ साउनमा अध्यक्ष श्रेष्ठले विदेश गएका बेला आफू निकटका वडाध्यक्षलाई कार्यवाहक अध्यक्ष दिएपछि विवाद चर्किएको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ६,
२०८२ साल भदौ १७ गते मंगलबार
2 SEPTEMBER 2025, TUESDAY

# नबिल बैंक र निम्बसबीच अन्तर्राष्ट्रिय डाटा ई-सिम र ड्राइभिङ अनुमतिपत्रका लागि सम्झौता



काठमाडौं- नबिल बैंक लिमिटेड र निम्बजबीच डाटा ई-सिम र अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट सेवाका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

यो समझदारीसँगै नबिल बैंकका ग्राहकले एनबैंक मोबाइल एपमार्फत विभिन्न मुलुकका लागि डाटा ई-सिम र अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट सेवा लिन सक्ने भएको छ ।

बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईं र निम्बजका निर्देशक ऋषभ तिमिल्सिनाले एक कार्यक्रमकाबीच सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि अब बैंकको एपमार्फत ग्राहकले चीन, भारत, अमेरिका, अष्ट्रेलिया, दुबई, थाइल्यान्ड, कतार, जापान, कोरिया, इटाली, फ्रान्स, क्यानाडा लगायत २०० भन्दाबढी देश र क्षेत्रका लागि डाटा ई-सिम लिन सक्नेछन् ।

बैंकका अनुसार विभिन्न देश र क्षेत्रमा भ्रमणमा जाने, विद्यार्थी तथा वैदेशिक रोजगारीमा जानेले बैंकको एपबाटै सम्बन्धित देशको अन्तर ाष्ट्रिय डाटा प्लान खरिद गर्न सक्नेछन् ।

विदेश जाने बित्तिकै इन्टरनेटको समस्या हुने, सिम खरिदका लागि केवाइसी फारम भर्नपर्ने र विदेशी मुद्रा बुझाउनुपर्ने बाध्यतालाईमध्यनजर गरी यो सम्झौता गरिएको बैंकका नायब प्रमुख कार्यकारी अधिकृत बजगाईंले बताए ।साथै उनले एपबाटै सजिलै आफू अनुकुलको डाटा प्याकेज खरिद गर्न सकिने जानकारी दिए ।

यसका साथसाथै एनबैंक एपबाटै अन्तर्राष्ट्रिय ड्राइभिङ परमिट पनि लिन सकिनेछ । बैंकका अनुसार संयुक्त राष्ट्रसंघको मापदण्डअनुसार तयार हुने उक्त अनुमतिपत्र १९० भन्दा बढी देशका लागि मान्य हुन्छ ।

बैंकका ग्राहकले यसका लागि एपमार्फत १० मिनेटभित्रै अनलाइनमार्फत आवेदन दिन सक्नेछन् । यो अनुमति पत्र लिनका लागि आफ्नो सवारी चालक अनुमतिपत्र अपलोड गर्नुपर्नेछ । यो माध्यमबाट अनुमति लिँदा परीक्षा दिन पर्दैन भने २४ घण्टामा विद्युतीय अनुमतिपत्र उपलब्ध हुन्छ । यसलाई डिजिटल वा फिजिकल कार्ड दुवै स्वरूपमा प्राप्त गर्न सकिने जनाइएको छ ।

निम्बजका निर्देशक तिमिल्सिनाले यो सेवाले विद्यार्थी, वैदेशिक रोजगारमा जाने तथा अन्तर्राष्ट्रिय यात्रुहरूलाई सीमापार आवागमनलाई सहज र तनावमुक्त बनाउने विश्वार व्यक्त गरे ।

निम्बज एक अग्रणी सुपरएप हो जसमा च्याट तथा भिडियो कल, सामाजिक सञ्जाल, लाइभ स्ट्रिमिङ, किनमेल, ओटिटि मूभी, डिजिटल वालेट, क्विज, गेम तथा अन्य सुविधाहरू एकै प्लेटफर्ममा एकीकृत गरिएको छ । नबिल बैंक नेपालको एक अग्रणी बैंक हो । नबिलले २५ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २६८ शाखा र ३२१ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ । विगत चार दशकदेखि नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाका रूपमा काम गर्दै आएको छ ।

# सामसुङ ग्यालेक्सी ए१७ ५जी नेपालमा सार्वजनिक

काठमाडौं- सामसुङ ग्यालेक्सी ए१७ ५जी नेपालमा सार्वजनिकः प्रिमियम सुविधासहित किफायती मूल्यम सामसुङले नेपालमा आफ्नो लोकप्रिय ब्-सीरिजलाई विस्तार गर्दै नयाँ ग्यालेक्सी ए १७ ५जी सार्वजनिक गरेको छ । यसको मूल्य रु. ३४,९९९ (८/२५६ जीवि), रु. ३०,९९९ (८/१२८जीवि) र रु. २८,९९९ (६/१२८जीवि) तोकिएको छ ।

ग्यालेक्सी ए १७ ५जी मा ६.७-इन्च सुपर AMOLED डिस्प्ले ९० ज्श रिफ्रेस रेटसहित, अझै पातलो र हल्का डिजाइन, र ेष्लभच ग्रुप गरिएको क्यामेरा सेटअप छ । यसमा ५०ः ए इक्ष्व मुख्य क्यामेरा, ५ मेगा पिक्सल अल्ट्रा-वाईड, र २ मेगा पिक्सल म्याक्रो लेन्स रहेको छ, जसले विभिन्न खिचाइका विकल्प उपलब्ध गराउँछ ।

यसमा जीमिनी इंटिग्रेशन, जीमिनि लाइभ, र सर्कल टु सर्च जस्ता एआई टुलहरू प्रयोग गर्न सकिन्छ, जसले दैनिक जीवनलाई अझ सहज र स्मार्ट बनाउँछ । सामसुङ नेपालका निर्देशक, श्री प्रणय रत्न स्थापितले भन्नुहुन्छ : "ग्यालेक्सी ए१७ ५जी मार्फत हामीले नेपालको उपभोक्तालाई अझ स्मार्ट, सहज र व्यक्तिगत अनुभव दिने लक्ष्य राखेको




छ । प्रिमियम डिभाइसमा मात्र सीमित नवप्रवर्तनलाई सबैले पाउन सकून् भन्ने हाम्रो विश्वास हो । ए१७ ले एआई-सञ्चालित प्रविधिलाई हरेक दिनको जीवनमा उपलब्ध गराउने दिशामा नयाँ कदम चालेको छ ।"

यसमा Gorilla Glass Victus र आई पि ५४ डस्ट तथा स्प्ल्यास रेजिस्टेन्स जस्ता मजबुत सुरक्षा फिचरहरू छन् । साथै, छ वर्षको सुरक्षा अपडेट र छ इक अपग्रेड को साथमा दीर्घकालीन मूल्य सुनिश्चित गरिएको छ ।

ग्यालेक्सी ए१७ ५जी मार्फत सामसुङले नेपालमा आफ्नो मिड-रेन्ज पोर्टफोलियोलाई अझ मजबुत बनाउँदै, उपभोक्तालाई ब्क् इनोभेशन, स्टाइल, परफर्मेन्स, टिकाउपन, र पहुँचयोग्यता को उत्कृष्ट संयोजन उपलब्ध गराएको छ ।

# जनकपुरमा दुई समुदायबीच भएको विवाद समाधान गर्ने सहमति

जनकपुरधाम- जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा रुपैठामा दुई समुदायबीच भड्किएको तनावलाई अन्त्य गर्न सर्वपक्षीय सहमति गरिएको छ । सहमति अनुसार अबदेखि दुवै पक्षले सामाजिक सद्भाव कायम राख्न आवश्यक सहयोग पुर्‍याउने प्रतिबद्धता जनाएका छन् ।

धनुषाका प्रहरी प्रवक्ता डीएसपी बरुणबहादुर सिंहका अनुसार, भदौ १४ र १५ गतेका घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी कानूनी कारबाही गर्न सबै पक्ष सहमत भएका छन् ।

साथै, कुनै पनि समुदाय वा व्यक्तिले धार्मिक वा सामाजिक सद्भावमा खलल पुग्ने गतिविधि नगर्ने र त्यस्तो कार्य गर्न खोज्ने व्यक्तिमाथि सूक्ष्म निगरानी गरी कानूनी प्रक्रिया अघि बढाइने सहमति भएको छ ।

सद्भाव कायम राख्न राजनीतिक दल, जनप्रतिनिधि, दुवै धार्मिक समुदायका अगुवाहरु सहभागी सर्वपक्षीय बैठकमा विगतमा तेलिया पोखरीको विवाद व्यवस्थापन गर्ने सहमति समेत गरिएको छ ।

गत शनिबार र आइतबार देवपुरा रुपैठामा तनावग्रस्त स्थिति सिर्जना भएको थियो । शनिबार गणेश पूजाको मूर्ति विसर्जन गरी फर्कंदा हिन्दु समुदायले झण्डाचोकमा रहेको टावरलाइट पोलमा बाँधिएको हरियो झण्डा हटाउन खोज्दा विवाद भएको थियो । त्यसक्रममा दुवै समुदायबीच झडप भएपछि प्रहरीले अवस्था नियन्त्रणमा लिन ११ सेल अश्रुग्यास प्रहार गरेको थियो ।

आइतबार सर्वपक्षीय सहमतिअनुसार दुवै समुदायले लगाएको झण्डा हटाउन खोज्दा पुनः तनाव बढेको थियो । त्यस क्रममा हिन्दु समुदायबाट ढुंगामुढा भएपछि प्रहरीसँग झडप भएको थियो । स्थिति नियन्त्रणबाहिर गएपछि प्रहरीले ३० राउन्ड फायर र ३१ सेल अश्रुग्यास प्रहार गरेको थियो । सो क्रममा स्थानीय २९ वर्षीय लक्ष्मण मुखिया दुवै खुट्टाको घुँडामा गोली लागेर घाइते भए भने ढुंगामुढामा सात जना प्रहरी घाइते भएका थिए ।

# सिटी एक्सप्रेसको २०८२ सालको दशैं तिहार योजना सार्वजनिक

काठमाडौं । सिटी एक्सप्रेस मनि ट्रान्सफरले समस्त नेपालीहरुको महान चाड २०८२ सालको दशैं, तिहार र छठ्लाई लक्षित गर्दै आफ्ना ग्राहकवर्गहरुसंग पर्वको खुशी साट्न लगातार ९ हप्ता सम्म चल्ने गरी "यो दशैं तिहारमा सिटी एक्सप्रेसको साथ , हरेक हप्ता १ लाख" उपहार योजना घोषणा गरेको छ ।

उक्त कार्यक्रममा र्चिर्चत हास्य कलाकार साथै सिटी एक्सप्रेसका ब्राण्ड एम्बासडर जितु नेपालको उपस्थिती रहेको थियो । सिटी एक्सप्रेसको यो उपहार योजना अन्तर्गत लक्की मार्फत हरेक हप्ता १ जनालाई रु १ लाख र हरेक दिन सबैलाई सिटी पे बाट क्याश ब्याक पाउने योजनामा रहेको छ ।

कम्पनीका अनुसार यस "यो दशैं तिहारमा सिटी एक्सप्रेसको साथ , हरेक हप्ता १ लाख" अफर भाद्र १६ देखी कार्तिक १५ गते सम्म लागू हुनेछ । यो अवधिभरी सिटी एक्सप्रेस मार्फत विदेशबाट पैसा पठाउने सम्पूर्ण सेवाग्राही यो उपहार योजनामा सहभागी हुनेछन् । यस




उपहारको विजेता छनौट गर्दा विद्युतीय प्रणालीद्वारा गरिनेछ र यो योजना सिटी एक्सप्रेसमा कार्यरत कुनै पनि कर्मचारीलाई लागु हुने छैन ।

सिटी एक्सप्रेस मनि ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १९ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । हालै सिटी एक्सप्रेस मनि ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ साथै सिटी पे बाट रेमिटेन्स भुतानी पनि गर्न सकिन्छ ।

# गरिमा विकास बैंक The Best Bank अवार्डबाट सम्मानित

काठमाडौं- गरिमा विकास बैंक लिमिटेड इण्डियन च्याम्बर अफ कमर्शले बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदान गर्ने दक्षिण एसियाकै प्रतिष्ठित अवार्ड इर्मजिङ एसिया बैंकिङ कनक्लेभ एण्ड अवार्डस्बाट सम्मानित भएको छ ।

अगस्ट २९, २०२५ मा इण्डियन च्याम्बर अफ कर्मशले भारतको नयाँ दिल्लीमा आयोजना गरेको तेश्रो इर्मजिङ एसिया बैंकिङ कनक्लेभ एण्ड अवार्डस् कार्यक्रममा विकास बैंक The Best Bank/Best AI/ML Implementation विधामा उत्कृष्ट सहित Best MSME Acceleration को अवार्ड प्राप्त गरेको हो । यस अवार्डमा नेपाल सहित भारत, बंगलादेश, म्यानमार




र श्रीलंकामा रहेका बैंक तथा वित्तीय संस्थाहरुको सहभागिता रहेको थियो । शुक्रबार आयोजित उक्त कार्यक्रममा गरिमा विकास बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्याय र नायब प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मीले संयुक्त रुपमा उक्त अवार्ड ग्रहण गर्नुभएको हो । इण्डियन च्याम्बर अफ कर्मसद्वारा सन् २०२४ मा आयोजित दोश्रो इर्मजिङ एसिया बैंकिङ कनक्लेभ एण्ड अवार्डस कार्यक्रममा समेत यस विकास बैंकले Best Assets Management को रुपमा अवार्ड प्राप्त गरेको थियो ।

# हुन्डाई क्रेटा एक दशकको विश्वास, नेपालमा १० वर्षको यात्रा मनाउँदै

काठमाडौं । नेपालमा हुन्डाई गाडीहरूको एक मात्र आधिकारिक वितरक, लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि., ले सेप्टेम्बर २०२५ मा हुन्डाई क्रेटाको १०औं वार्षिकोत्सव मनाएको छ ।

नेपालमा सार्वजनिक भएदेखि नै क्रेटा आफ्नो आधुनिक डिजाइन, आरामदायी अनुभव, सुरक्षा र विश्वसनीयताका कारण सबैभन्दा रुचाइएको र विश्वासिलो एसयूभी बन्न सफल भएको छ ।

क्रेटाले आफ्नो डिजाइन र उत्कृष्ट उभचायक्बलअभ मार्फत नेपाली बजारको कम्प्याक्ट एसयूभी सेगमेन्टमा




एक छुट्टै पहिचान बनाएको छ । वर्षौंदेखि यसका विभिन्न मोडल तथा अपग्रेडहरू

सार्वजनिक भएका छन् जसले हरेक चोटि उभचायक्बलअभ र कतथभि कतथभि मा नयाँ मापदण्ड स्थापना गरेको छ । क्रेटा ईभीको आगमनसँगै यस एसयूभीले आफ्नो नवीन प्रविधिसँग दिगो र वातावरण मैत्री यात्रालाई एक साथ अगाडि बढाएको छ । अहिलेसम्मको यात्रामा, क्रेटाले नेपालका सडकहरूमा हजारौं परिवारलाई भरपर्दो साथ र गुणस्तरीय सेवा दिँदै आएको छ ।

यस महत्त्वपूर्ण अवसरमा, हुन्डाई नेपाल, क्रेटाको सफलताको लागि सम्पूर्ण ग्राहकवर्ग, डिलर तथा साझेदारहरूलाई हार्दिक आभार व्यक्त गर्दछ । आगामी दिनहरुमा पनि आधुनिक प्रविधि र प्रतिबद्धताका साथ, हुन्डाईले नेपालमा समृद्ध जीवन र दिगो यात्राको भविष्य निर्माणमा साथ रहने लक्ष्य राखेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



## खेलकुद

# २३ औं लिस्नु कप : एवाईसी क्लब ५-० गोलले विजयी



तिलोत्तमा – रुपन्देहीमा जारी २३ औं लिस्नु कप अन्तरगत सोमबार भएको खेलमा एवाईसी क्लब अञ्चलपुर विजयी भएको छ । उसले पाल्पा ११ लाई ५-० गोल ले हराएको हो ।

एवाईसीका लागि उज्वल राईले सर्वाधिक ३ गोल गरे । त्यस्तै, आयुश राना मगर र चन्दन दासले समान १-१ गोल गरेर टिमलाई जिताए । खेलमा उज्वल राई म्यान अफ द म्याच बने ।

खेल अन्तर्गत मंगलबार जरना स्पोर्ट्स क्लब र कपिलवस्तु ११ बिच हुने खेल संयोजक सुदिन भण्डारीले जानकारी दिए ।

भदौ २७ गतेसम्म चल्ने खेलमा प्रथम हुनेले ४ लाख ४ हजार ४ सय ४४ रुपैयाँ पाउनेछ भने दोस्रो हुनेले २ लाख २ हजार २ सय २२ रुपैयाँसहित ट्रफि, मेडल र प्रमाणपत्र पाउनेछ । खेलमा विभिन्न विधामासमेत पुरस्कारको व्यवस्था गरिएको छ ।

# नेपाल 'ए' आसामविरुद्ध शृंखला जित्न सफल



काठमाडौं – नेपाल 'ए' ले आसामविरुद्ध ५ खेलको ट्वान्टी-२० मैत्रीपूर्ण क्रिकेट शृंखला ३-२ ले जितेको छ । नेपाली टोली सोमबार निर्णायक मानिएको पाँचौं तथा अन्तिम खेल ४४ रनले जितेपछि शृंखला हात पार्न सफल भयो ।

सन्दीप जोराले ३९ बलमा ६४ रन बनाएपछि टस जितेर ब्याटिङ गरेको नेपालले ६ विकेट गुमाई २ सय ८ रन बनायो । प्लेयर अफ द म्याच उनले २ चौका र ५ छक्का प्रहार गरे । ओपनर एवं कप्तान अनिल साह ११ बलमा १ चौकासहित १० रनमा आउट भए । अर्का ओपनर इशान पाण्डेले २० बल खेल्दै ४ चौका र २ छक्कामा ३२ रन बनाए ।

सन्दीप र शुभ कंसाकारले तेस्रो विकेटमा ८६ रनको साझेदारी गरे । शुभले २६ बलमा १ चौका र ४ छक्कासहित ४१ रन बनाए । बसिर अहमद १० रनमा रिटायर्ड आउट भए । आदिल आलम अन्सारी ३ छक्कासहित ११ बलमा २५ रन बनाएर अविजित रहे । विवेक यादव ७ रनमा रनआउट भए भने पवन सर्राफ २ बल खेल्दै ७ रनमा अविजित रहे । आसामका आयुशमान मालाकारले ४ ओभरमा ३४ र अभिनव चौधरीले ४ ओभरमा ४१ रन खर्चेर २-२ विकेट लिए ।

जवाफमा आसामले ९ विकेट गुमाई १ सय ६४ रनमात्र बनाउन सक्यो । १० औं नम्बरमा ब्याटिङ गरेका भार्गव प्रितम लहकार सर्वाधिक २९ रनमा अविजित रहे । उनले १७ बलमा १ चौका र ३ छक्का प्रहार गरे । ओपनर सुमित घडिगाउनकर र साहिल जैनले समान २५ रन बनाए । नेपालबाट शेर मल्ल, आकाश चन्द र पवनले २-२ तथा बसिर र आदिलले १-१ विकेट लिए । वर्षाले प्रभावित पहिलो खेलमा डकवर्थ लुइस पद्धतिका आधारमा १५ रनले पराजित नेपालले दोस्रो खेल ९६ रनले जित्दै शृंखला बराबरीमा ल्यायो । नेपालले तेस्रो खेल ९ रनले जिते पनि आसाम चौथो खेलमा १८ रनले विजयी भए पनि शृंखला २-२ को बराबरीमा पुगेको थियो ।

# जलवायु परिवर्तनका कारण संकटमा चौंरीपालन व्यवसाय



चौतारा । जलवायु परिवर्तनको असरका कारण सिन्धुपाल्चोकका उच्च हिमाली क्षेत्रमा गरिँदै आएको चौंरीपालन व्यवसाय अहिले सङ्कटमा पर्न थालेको छ । तीन हजारदेखि छ हजार मिटर उचाइको हावापानी भएको हिमाली खर्कमा वर्षौदेखि चल्दै आएको घुम्ती गोठ प्रणाली पछिल्लो समय क्रमशः घट्दै गएको छ ।

वैदेशिक रोजगारमा युवाको आकर्षण बढ्नुका साथै चरन क्षेत्रमा घाँसको कमी, मौसम परिवर्तनजस्ता कारणले घुम्ती गोठमार्फत चौंरी, याक तथा भेँडापालन गर्नेहरु कम हुँदै गएका हुन् ।

खर्कमा चौंरी र याकसँगै फिरन्ते जीवन बिताउने सिन्धुपाल्चोक जुगल गाउँपालिका तेम्बाथनका पासाङ शेर्पालाई हिमाली क्षेत्रमा आएको मौसमी परिवर्तनका कारण यो पेसामा चुनौती बढेको छ । खर्कमा पहिलेजस्तो घाँस नपाइने भएका कारण चौंरीलाई घाँस पुऱ्याउन हम्मेहम्मे पर्दा चौंरीपालन व्यवसाय सङ्कटमा परेको शेर्पा बताउँछन् ।

पासाङको अनुभवमा हिमाली क्षेत्रमा पहिलेको तुलनामा चिसो छैन । 'हिमालमा हिउँ छैन, त्यसैले चिसो नभएको हुनसक्छ', उनी भन्छन् । पहिले-पहिले बाह्रैमास हिउँले टल्कने हिमाल अहिले काला पहाडमा परिणत भएको उनले सुनाए । पाँचपोखरी क्षेत्रको खर्कमा हुर्केर आफ्नो जीविका चौंरी तथा भेडागोठले धानेका लाइगर्चेका ईन्द्रबहादुर गुरुङ भने यो पेसाबाट पलायन भए । उनका छोराछोरी कोही काठमाडौंतिर पढ्न गएका छन् त कोही वैदेशिक रोजगारीमा खाडीमुलुक पुगेका छन् ।

चौंरी, भेडा धमाधम मर्न थालेपछि ईन्द्रबहादुरको पुस्तौंदेखिको आयस्रोतको यो पेसामा पूर्णविराम लागेको हो । पहिले जस्तो मौसम अनि चौंरी तथा भेडाका लागि चरनयोग्य सामग्री नहुँदा आफूले पेसाबाटै विश्राम लिएको उनी बताउँछन् ।

चौंरी, याक र भेडाका लागि लेकाली क्षेत्रमा जङ्गलबीचको खर्कमा गोठ बनाएर त्यही घाँस पानी गर्ने प्रचलन छ । पहिले चौंरीका लागि पाइने पोषणयुक्त घाँस अचेल मौसम परिवर्तनकै कारण विलय भएको चौंरीपालक किसानको भनाइ छ ।

मौसम चौंरीअनुकुल नभएपछि घाँसको अभाव हुने, अन्य चरनयोग्य प्राकृतिक दाना नपाइने हुँदा चौंरी मर्न थालेको अर्का किसान दलु लामा बताउँछन् । विभिन्न रोगले पशु मर्नँका साथै उत्पादन सस्तोमा किन्ने महँगोमा बिक्री गर्ने व्यापारीका कारण पुस्तौंदेखि गर्दै आएको यो पेसाप्रति युवा पुस्तामा निराशा बढ्दै गएको लामाको भनाइ छ ।

वर्षको तीन महिना जाडो समयमा मात्र मानवबस्ती छेउछाउ पुग्ने उनीहरु अधिकांश समय हिमाली खर्कमा बिताउँछन् । सिन्धुपाल्चोकको लेकाली भेगका तामाङ र शेर्पा समुदायका नागरिकको मुख्य आम्दानीको स्रोत चौंरीको दूधबाट बन्ने चिज, छुर्पी, नौनी घिउ तथा भेडाको रौंबाट बन्ने राडी पाखी लगायतका सामग्री हुन् ।

सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका, भोटेकोसी, जुगल, पाँचपोखरी र हेलम्बु गाउँपालिकामा चौंरीपालन हुने गरेको छ । स्थानीय पालिकाको कृषि तथा पशु शाखाका अनुसार खर्कमा चौंरी तथा भेडापालन गर्ने किसानको सङ्ख्या जिल्लामा एक सय ३१ छ । चौंरी, याक र भेडाको संरक्षण गर्न सिन्धुपाल्चोकका पालिकाले बिमा कार्यक्रम ल्याएका छन् । वैदेशिक रोजगारीभन्दा राम्रो आम्दानीको क्षेत्र बन्नसक्ने यो क्षेत्रलाई व्यावसायिक बनाउन प्रयत्न गरिरहेको पाँचपोखरी थाङपाल गाउँपालिका अध्यक्ष टासी लामा बताउँछन् ।

पालिकाको प्रयासका बावजुद पनि सिन्धुपाल्चोकका लेकाली खर्कमा अहिले चौंरी गोठ घट्दै गएको छ । अझै परम्परागतरुपमै भइरहेका पशुपालनलाई आधुनिक बनाउन सकिएको छैन । राज्य तहबाट पनि यो पेसालाई प्रोत्साहन नगरिएको हुँदा चाहेर पनि स्थानीयले यो पेसालाई परम्परागत भन्दामाथि लैजान सकेका छैनन् ।

# सुरेन्द्र पाण्डेको विश्वास– विद्या भण्डारीबारे पार्टी निर्णय सच्चिन्छ

काठमाडौं- नेकपा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबारे पार्टी निर्णय सच्चिने विश्वास गरेका छन् ।

सेन्टर फर पब्लिक पोलिसी, नेपालले सोमबार गरेको अन्तरसंवादमा उनले एमालेको राजनीतिक कोर्सबारे विश्लेषण सुनाए । पत्रकारहरूसँग पाण्डेको विश्लेषण सार छ- विद्या भण्डारीको सदस्यताबारे गरिएको निर्णय सच्चिन्छ, विधान महाधिवेशनमा कुरा उठ्छ ।

केन्द्रीय कमिटी बैठकबाट पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण नगर्ने निर्णयमा फरक मत राखेको र उक्त मत विधान अधिवेशनमा पनि लैजाने उनले




बताए । 'तत्कालै भिन्न मतका रुपमा माइन्यूट लेखन टोलीलाई यो हाम्रो फरक मत हो भने दियौं । तर त्यो (फरक मत) अपानिमा सक्लर भएन भन्ने भएपछि युवराज ज्ञवाली र मैले संयुक्त रुपमा सही गरेर छलफलको विषय बनाइयोस् भनेका छौं', उनले भने ।

विद्या भण्डारीको सदस्यता नै विधान अधिवेशनको मुख्य एजेन्डा बन्ने पनि उनले बताए । 'विद्या भण्डारी राजनीतिमा आउँछु भन्दाखेरी उहाँको सदस्यता स्वीकार गर्ने कि नगर्ने भन्ने मात्र बहस छ यहाँ', उनले भने ।

संविधानले नलेखेको कुरा एमालेको निर्णयबाट हुन नसक्ने भएकाले पनि विद्या भण्डारीको सदस्यता नवीकरण नगर्ने निर्णय सच्चिनले पाण्डेले विश्वास गरे । एमालेको विधानले पार्टी सदस्यलाई सार्वभौम मानेकाले पनि भण्डारीबारे गरिएको निर्णय सच्चिने उनले विश्वास गरे ।

'एमालेका सदस्य भन्दा ठूलो शक्तिशाली कोही छैन । सदस्यहरुको टिर्मिनेशन भएपछि कोही नेताको केही चल्दैन । जहाँबाट पनि स्थिति फर्कन बाध्य हुन्छ' पाण्डेले भने,

# कञ्चनपुरमा सशस्त्र प्रहरीका दुई बीओपीसहित ५२ घर डुबानमा



धनगढी । कञ्चनपुरमा सशस्त्र प्रहरीका दुई बीओपीसहित ५२ घर डुबानमा परेका छन् ।

अविरल वर्षापछि जोगबुडा नदीको बाढी पस्दा सशस्त्र प्रहरीका दुई बीओपी र ५२ घर डुबानमा परेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक(डीएसपी) सागर बोहराले दोधाराचाँदनी नगरपालिका-७ र वडा नम्बर १० मा रहेको सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट(बीओपी) डुबानमा परेको बताए ।

बीओपी डुबानमा परेपछि दुवै पोष्टमा कार्यरत ५२ जना सशस्त्र प्रहरीहरुले प्रयोग गर्ने सरसामान, खाद्यान्न लगायतका सामाग्री सुरक्षित स्थानमा सारिएको छ ।

उनकाअनुसार वडा नम्बर ७ को बीओपीका सशस्त्र प्रहरीसहित सामानसहित स्थानीय सहरी खोप केन्द्र र वडा नम्बर १० को २३ जनालाई ओमबार आधारभूत विद्यालयमा सारिएको छ । उनीहरुलाई सुरक्षित स्थानमा सारिएपनि बाढीमा फसेकाहरुको उद्दार लगायतका काममा समेत खटिएको प्रहरीले जनाएको छ ।

यस्तै, दोधाराचाँदनी नगरपालिका-८ को रामपुर टापुका डुबानमा परेका २५ घरका ७० जनालाई जनज्योती माध्यमिक विद्यालय, वडा नम्बर ३ को पटराखल्लाका १५ घरका ५५ जनालाई जमुना आधारभूत माध्यमिक विद्यालय, वडा नम्बर १० को शान्ति टोलका १२ घरका ४० जनालाई अम्बिका माध्यमिक विद्यालयमा राखिएको डीएसपी बोहराले बताए ।

उनकाअनुसार महाकाली नदीमा पानीको सतह नघटेका कारण चार पाङ्ग्रे सवारीसाधनको आवागमन भने रोकिएको छ ।

साँझपखको अपडेटअनुसार नदीमा पानीको बहाव केही घटेर दुई लाख तीन हजार आठ सय ३० क्युसेक पुगेको छ । सोही कारण शारदा ब्यारेजमा चार पाङ्ग्रे सवारी साधन गुडाउन पाइएको छैन ।

# सोलुखुम्बुमा थुनिएको थामे खोला 'ओभर फ्लो' हुँदा ५ घर बगायो, ६ घरमा आंशिक क्षति



काठमाडौं- सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ मा बाढीले ५ घर बगाएको छ। आइतबार रातिदेखिको वर्षाका कारण पासाङल्हामुगाउँपालिकाको थामे खोलामा बाढी आएको हो।

बाढीले ५ घरमा आंशिक क्षति पुऱ्याएको खुम्बु पासाङल्हामु गाउँपालिकाले एक विज्ञप्ति जारी गरी जानकारी दिएको छ।

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायब उपरीक्षक मनोजीत कुँवरका अनुसार थामे खोलामा तलाउ जस्तो बनेर थुनिएको पानी ओभर फ्लो भएर बग्दा खोला किनारका घर बगाएको हो । त्यस क्षेत्रका घरहरूबाट यसअघि नै मानिसहरूलाई स्थानान्तरण गरिसकिएको कारण ठूलो क्षति हुन नपाएको उनले बताए ।

नेपाल प्रहरी र नेपाली सेनाको टोली प्रभावित क्षेत्रमा अनुगमन र आवश्यक सहायताका लागि निगरानी गरिरहेको प्रहरी नायब उपरीक्षक कुँवरले जानकारी दिए । थुनिएर तलाउ बनेको पानी 'ओभर फ्लो' भएर धार परिवर्तन गरी बग्दा तटीय क्षेत्रमा कटान गरेको उनको भनाइ छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ६,
२०८२ साल भदौ १७ गते मंगलबार
2 SEPTEMBER 2025, TUESDAY

# रूपन्देही–३ उपनिर्वाचनका लागि नेकपा एसबाट सातजना सिफारिस




(रुपन्देही) – रुपन्देही निर्वाचन क्षेत्र नं ३ मा हुने उपनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले उम्मेदवारका लागि सात जनाको नाम सिफारिस गरेको छ ।

पार्टीको जिल्ला कमिटी रुपन्देहीको भैरहवामा बसेको बैठकले महासचिव तथा पूर्वकृषिमन्त्री घनश्याम भुसालसहित सात जनाको नाम सिफारिस गरेको छ । भुसाल यही क्षेत्रमा २०७४ सालमा नेकपा (एमाले) बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए।

लुम्बिनी प्रदेश उपाध्यक्ष कमल भण्डारी, रुपन्देही जिल्ला अध्यक्ष हीराध्वज शाह, प्रदेश कमिटी सदस्य आनन्दप्रसाद गुप्ता, आशा चौधरी, थानेश्वर खरेल र रुपन्देही-१ को सह-इञ्चार्ज विजयलक्ष्मी रायको नाम सिफारिस गरिएको पार्टीले जनाएको छ । जिल्लाले पठाएको नामलाई उम्मेदवार छनोट गर्न बनेको कार्यदलले एक महिलासहित तीनजनाको नाम केन्द्रीय समितिमा सिफारिस गर्नेछ । पार्टीको केन्द्रीय उपमहासचिव तथा लुम्बिनी प्रदेश इञ्चार्ज मेटमणि चौधरी, केन्द्रीय सचिव तथा प्रदेश सह-इञ्चार्ज सोमप्रसाद पाण्डे, प्रदेश अध्यक्ष अब्दुल हुसेन खाँ, रुपन्देही जिल्ला इञ्चार्ज ई नन्दलाल बन्जाडे र रुपन्देही अध्यक्ष हीराध्वज शाह सदस्य रहेको कार्यदलले तीन जनाको नाम पठाउनेछ ।

कार्यदलले सातैजनासँग छलफल गर्ने र चुनावी रणनीति बुझेपछि मात्रै तीन जनाको नाम सिफारिस गर्ने उपमहासचिव चौधरीले जानकारी दिए । रुपन्देही-३ मा आगामी कात्तिक १७ गते उपनिर्वाचन हुँदैछ ।

## अन्तराष्ट्रिय

# सी चिनफिङले घोषणा गरे नयाँ अवधारणा 'जीजीआई'

काठमाडौं- चीनका राष्ट्रपति सी चिनफिङले सोमबार तियानजिन शहरमा आयोजित शाङ्घाई सहयोग संगठन प्लस (एससीओ प्लस) को बैठकमा 'ग्लोबल गभर्नेन्स इनिसिएटिभ' (जीजीआई) को प्रस्ताव राखेका छन् ।

चीनले सीको नेतृत्वमा यसअघि नै तीन वटा पहल 'ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ' (जीडीआई), 'ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) र 'ग्लोबल सिभिलाइजेसन इनिसिएटिभ' (जीसीआई) अघि बढाइरहेको छ । एससीओ प्लसको बैठकमा सोमबार उनले अर्को नयाँ पहल 'जीजीआई' अघि बढाउने घोषणा गरेका हुन् ।

सोमबारको बैठकमा सम्बोधन गर्दै सीले जीजीआईको बारेमा भने,'म सबै देशहरूसँग मिलेर अझ न्यायपूर्ण र समान विश्व शासन प्रणाली निर्माण गर्न तथा मानवताका लागि साझा




भविष्य भएको समुदायतर्फ अगाडि बढ्न इच्छुक छु ।' सीले जीजीआईका पाँच प्रमुख सिद्धान्तहरू हुने उल्लेख गरे । ती पाँच सिद्धान्तमा सार्वभौमिक समानतामा अडिग रहनुपर्ने, अन्तर्राष्ट्रिय कानुनी शासनको पालना गर्नुपर्ने ,बहुपक्षीयताको अभ्यास गर्नुपर्ने, जनमुखी दृष्टिकोणको वकालत गर्नुपर्ने र वास्तविक कामहरूमा केन्द्रित हुनुपर्ने भन्ने छ । ' ग्लोबल गभर्नेन्स इनिसियटिभ' सुरक्षा, विकास र सभ्यतासम्बन्धी उनका पुराना तीन इनिसिएटिभकै निरन्तरता हो ।

# कर्मचारीको पदावधिको व्यवस्था उल्ट्याउन चलखेल

काठमाडौं– कर्मचारीको अनिवार्य अवकाशको उमेर कार्यान्वयन विधिमा राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिले सर्वसम्मत रूपमा गरिसकेको निर्णय उल्ट्याउन चलखेल सुरु भएको छ ।

पदावधि लम्ब्याउन चाहने कर्मचारी नेतृत्वको दबाबमा परेर सत्तारूढ कांग्रेस र एमालेका सँगै मनोनीत सांसद निर्णय उल्ट्याउने प्रयासमा लागेका हुन् ।

संघीय निजामती सेवासम्बन्धी ऐन जारी भएको पहिलो वर्ष अवकाशको उमेर ५८ वर्ष नै कायम गर्ने, दोस्रो वर्ष ५९ र तेस्रो वर्ष ६० वर्ष कायम गर्ने भन्ने व्यवस्था प्रतिनिधिसभाले विधेयकमा गरेको थियो । त्यसलाई राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले शुक्रबार नै सर्वसम्मत रूपमा स्वीकार गरेको थियो । तर आइतबारको बैठकमा सामान्य प्रशासनमन्त्री भगवती न्यौपाने, सचिव रविलाल पन्थसँगै समितिमा रहेका कांग्रेस र एमालेका सांसदले निर्णय संशोधन गर्नुपर्ने जिकिर गरेका छन् ।

बैठकमा कांग्रेसका आनन्दप्रसाद ढुंगाना, कृष्णबहादुर रोकाय, एमालेका गोपाल भट्टराई र राष्ट्रपतिबाट मनोनीत सांसद अञ्जान शाक्यले अवकाशमा जाने उमेरहद कार्यान्वयन विधि संशोधन गरिनुपर्ने अभिव्यक्ति दिए । विपक्षी दल माओवादीका गंगाकुमारी बेल्वासे, राधेश्याम पासवान, तारामान स्वाँर, सुरेश आलेमगर र झक्कु सुवेदी, एकीकृत समाजवादीका बेदुराम भुसाल र जयन्तीदेवी राई तथा जसपा नेपालका मृगेन्द्रकुमार सिंहले भने सर्वसम्मत रूपमा गरिसकेको निर्णय उल्ट्याउन नहुने अडान राखे ।

प्रतिनिधिसभाले विधेयकको दफा ५८ मा 'ऐन प्रारम्भ भएको आर्थिक वर्षमा ५८ वर्ष उमेर पूरा हुने निजामती कर्मचारीले ५८ वर्ष उमेर पूरा भएपछि' र 'दोस्रो आर्थिक वर्षमा कर्मचारीले ५९ वर्ष पूरा भएपछि' अवकाशमा जाने व्यवस्था गरेको छ । यसअनुसार तेस्रो आर्थिक वर्षबाट ६० वर्ष उमेर हदको कानुनी व्यवस्था कार्यान्वयन हुनेछ । यही व्यवस्थालाई नै विधायन व्यवस्थापन समितिले स्वीकार गरिसकेको अवस्थामा ऐन प्रारम्भ भएदेखि नै ५९ वर्षमा अवकाश हुने व्यवस्था राख्न दबाब दिइएको हो ।

ऐन प्रारम्भ भएकै वर्ष ५९ वर्षे उमेरहद कार्यान्वयन गर्दा अघिल्लो ऐनबमोजिम ५८ वर्षे उमेरहदका कारण अवकाशमा जान लागेका कर्मचारीको पदावधि एक वर्ष थपिनेछ । अर्कातिर लोक सेवा आयोगले पदपूर्तिका लागि नयाँ विज्ञापन नखुलाउँदा निजामती सेवामा प्रवेशका लागि परीक्षाको तयारी गरिरहेका साढे चार लाखभन्दा बढी विद्यार्थी प्रभावित हुनेछन् । सहसचिव मीरा आचार्यले सरकारी सेवामा पदपूर्तिको पहिलो चरणमा रहेकाले चालु आर्थिक वर्षदेखि नै अवकाशको उमेरहद ५९ वर्ष बनाउँदा नयाँ पदपूर्तिमा समस्या नपर्ने तर्क गरिन् । संगठन तथा व्यवस्थापन (ओएन्डएम) सर्वेक्षण गर्नैपर्ने व्यवस्था निजामती विधेयकमा राखिएको उल्लेख गर्दै उनले त्यो प्रक्रिया आगामी मंसिरसम्म सकिने बताइन् । 'चालु आर्थिक वर्षमा अवकाशको उमेर ५८ वर्ष नै हुने भनेर आयो भने पदपूर्तिमा समस्या हुन्छ,' उनले भनिन् । सचिव पन्थले पनि सहसचिव आचार्यकै भनाइ दोहोर्‍याए । तर उनले शुक्रबारको बैठकमा उक्त दफा पारित गर्दा उल्लेख गरेको भनाइ र निर्णय उल्ट्याउनुपर्ने भनी गरेको तर्क नमिलेको समिति सभापति तुलसा दाहालले बताइन् ।

मन्त्री न्यौपानेले उमेरहद कार्यान्वयनसम्बन्धी व्यवस्था पारित हुने दिन आफू अनुपस्थित रहेकाले त्यसलाई हेरफेर गर्नैपर्ने अडान राखिन् । 'विशेष परि




स्थिति मानिदिनुस् । विनम्रतापूर्वक भन्छु, मन्त्रालयले राखेको कुरा स्वीकार गर्न अनुरोध गर्छु,' उनले भनिन् । समितिले प्रतिवेदन लेख्न बाँकी रहेकाले पनि यसअघि गरिएको निर्णय उल्ट्याउन मिल्ने मन्त्रीको भनाइ थियो । एमालेका प्रमुख सचेतक गोपाल भट्टराईले सरकार (मन्त्री) कै भनाइअनुसार अवकाश उमेर यो वर्ष ५८ को साटो ५९ वर्ष बनाएर जानुपर्ने बताए । कांग्रेस सांसद आनन्दप्रसाद ढुंगानाले पनि 'मन्त्रीले आग्रह गरेअनुसार सच्याइदिऔं' भनेर दुई दिनअघिको आफ्नै निर्णय उल्ट्याउन सहमति जनाएका थिए ।

कांग्रेसका कृष्णबहादुर रोकायले मन्त्री र सचिवले समितिलाई गुमराहमा राख्न खोज्दा समस्या आएको टिप्पणी गरे । स्पष्ट कारण सचिवले नराख्दा भइसकेको निर्णयबाट फर्किन दबाब आएको उनको भनाइ थियो । उनले पनि समितिले यसअघि सर्वसम्मत गरेको निर्णयमा पुनर्विचार गर्न अन्य सांसदलाई आग्रह गरेका थिए । एकीकृत समाजवादीका सांसद बेदुराम भुसालले सर्वसम्मत गरिएको निर्णय सार्वजनिक भइसकेकाले उल्ट्याउन गाह्रो हुने बताए । 'हामी निर्णय गरेर गइसकेको विषयमा उल्टो बाटो फर्किनु हुँदैन । भइसकेको निर्णयमा नै अघि बढ्नुपर्छ,' उनले भने ।

माओवादी सांसद राधेश्याम पासवानले कुन व्यक्तिको दबाबमा सर्वसम्मत निर्णय उल्ट्याउन खोजिएको हो भनी प्रश्न गरेका थिए । 'मन्त्रालयका सचिव र सहसचिवमाथि शंका लाग्यो । सर्वसम्मत निर्णय किन उल्ट्याउने भन्ने चित्तबुझ्दो जवाफ छैन । जुन सहमति भएको हो, त्यसैअनुसार जानुपर्छ । कुन व्यक्तिका लागि यो प्रस्ताव आएको हो ? भन्नुपर्‍यो,' उनले भने । जसपा नेपालका सांसद सिंहले सर्वसम्मतबाट भएको निर्णय उल्ट्याउन सर्वसम्मति नै अडान राखेका थिए । एकीकृत समाजवादीकी सांसद राईले सर्वसम्मत निर्णय गर्दै र दबाबमा उल्ट्याउँदै जाने हो भने संसद्को स्थापित मान्यता भत्किने बताइन् ।

माओवादी सांसद स्वाँरले भने, ' अवकाश उमेर यो वर्ष ५८ राख्दा तपाईंहरूलाई प्राविधिक समस्या हुने, ५९ राख्दा हामीलाई विधायिकी समस्या भयो । सर्वसम्मत भएको कुरा बाहिर गइसकेको छ ।' सर्वसम्मतले गरेको निर्णय उल्ट्याउन दबाब आउँदा आफूलाई समस्या परेको समिति सभापति दाहालको भनाइ थियो । 'म मारमा परें । कि समिति सदस्यहरूले मानिदिनुपर्‍यो, कि सरकारले मानिदिनुपर्‍यो । कोही न कोही यसमा पछि हट्नैपर्छ,' उनले भनिन् । अवकाशको उमेर कार्यान्वयन विधि संशोधन गर्ने कि नगर्ने भन्नेमा समिति टुंगोमा पुग्न सकेको छैन । कांग्रेसका एक सांसदका अनुसार 'कुलिङ अफ पिरियड' को व्यवस्थासँग उमेरहदसम्बन्धी व्यवस्था कार्यान्वयनको प्रावधान सौदाबाजी गर्न खोजिएको छ । 'कुलिङ अफ पिरियडका पक्षमा एमाले थिएन तर त्यसमा जान एमाले तयार भयो । उमेरहदको व्यवस्था ऐन प्रमाणीकरण हुनासाथ कार्यान्वयनमा लैजानुपर्छ भन्ने सामान्य प्रशासनमन्त्रीमार्फत प्रस्ताव आएको छ । त्यसमा विचार गरिदिनुपर्छ भनेर कांग्रेसलाई भनिएको छ,' ती सांसदले भने, 'तत्काल कार्यान्वयन गर्दा पर्ने असर के हुन सक्छ भनेर अझै अध्ययन गरिरहेका छौं ।' मुख्यसचिव एकनारायण अर्याललगायतका अवकाशमा जान लागेका सचिवहरू उमेरहदको व्यवस्था कार्यान्वयन विधि संशोधन गराउन लागिपरेको सांसदहरूले आशंका गरेका छन् । अर्यालले अवकाशपछि २ वर्षसम्म संवैधानिक, कूटनीतिक र सरकारी नियुक्ति पाउनबाट रोक्ने विधेयक 'कुलिङ अफ पिरियड' को व्यवस्था हटाउन सार्वजनिक रूपमा नै संसद् र राजनीतिक नेतृत्वलाई दबाब दिएका थिए । उनले सचिवहरूको हूल नै बाँधेर कार्यपालिका, व्यवस्थापिका र राजनीतिक दलका नेतालाई दबाब दिएका थिए । यस कार्यमा संसद्का महासचिव पद्मप्रसाद पाण्डेय पनि संलग्न भएका थिए ।

राष्ट्रिय किताबखानाको तथ्यांकअनुसार मुख्यसचिव अर्याल, २१ सचिव र ७८ सहसचिवसहित २ हजार २ सय ११ कर्मचारी चालु आर्थिक वर्षमा अनिवार्य अवकाशमा जाँदै छन् ।

**थुनिए जनप्रतिनिधि...**

स्थानीयले माग गरे अनुसारको सूचना आगामी सोमबारभित्र उपलब्ध गराउने लिखित प्रतिबद्धता अध्यक्ष मदनप्रसाद चौहानले गरेपछि गेटमा लागेको ताला खोल्न स्थानीय सहमत भएका हुन् ।

पर्साका एसपी गौतम मिश्रका अनुसार गाउँपालिका अध्यक्षले स्थानीयले माग गरे अनुसारको सूचना उपलब्ध गराउने र चाँडै गाउँसभा गर्ने सहमति गरेपछि विवाद समाधान भएको हो । विवाद समाधान भएसँगै गेटमा लागेको ताला खुलेको उनले बताए ।

वार्तामा अध्यक्ष चौहानले प्रमुख प्रशासकीय अधिकृत सरुवा भएर गएका कारण तत्काल सूचना उपलब्ध गराउन नसकिएको बताएका थिए । नयाँ प्रशासकीय अधिकृत हाजिर भइसकेको भन्दै उनले मागअनुसार सूचना उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

अध्यक्ष चौहानले वार्तापछि दुवै पक्षबीचको विवाद समाधान भइसकेको र अवस्था सामान्य बनिसकेको बताए ।

वार्ताका लागि सीमित व्यक्ति आउन आग्रह गर्दा उनीहरूले नमानेपछि गाउँपालिका कार्यालयको सुरक्षाका लागि भित्रबाट ताला लगाउन बाध्य बनेको उनले बताए ।

उनले भने, 'छलफलका लागि १० जना प्रतिनिधि आउनुस् भन्दा उहाँहरूले मान्नु भएन । हुल बाँधेर आउँदा सुरक्षाको दृष्टिले पनि उचित हुँदैन थियो । गाउँपालिकाको सम्पत्तिको सुरक्षाका लागि पनि भित्रबाट गेटमा ताला लगाउन बाध्य भएका हौं ।' वीरगञ्जमा गाउँसभा गर्न लागेको भन्ने उनीहरूको कुरामा कुनै सत्यता नभएको उनले बताए ।

उनले भने, 'गाउँसभा गाउँमै हुन्छ । वीरगञ्जमा पालिका सदस्यहरूबीच अन्य विषयमै छलफल भयो होला । तर त्यस्तो तयारी भनेर गरिएको प्रचारमा सत्यता छैन । विपक्षीहरूले आफूमाथि आरोप मात्रै लगाएका हुन् ।

राम्रो काम गरिरहेको समयमा केही निहुँ नपाएर आफ्नो बदनामा गर्न विपक्षीहरूले विशेषगरी नेकपा एमालेका समर्थकले विरोध गरेको उनको आरोप छ ।

'सूचना त प्रशासकीय अधिकृतले उपलब्ध गराउने हो नि !, प्रशासकीय अधिकृत भागेर हिँडेका छन् । हामीले नै प्रमुख प्रशासकीय अधिकृत खोजिरहेका छौं । उनीहरूले मागे अनुसारको केही सूचना कर्मचारीले उपलब्ध गराइसकेका छन् । केही सूचना मात्रै दिन बाँकी हो,' अध्यक्ष चौहानले भने ।

उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट चौहानले गाउँपालिका अध्यक्ष जितेका हुन् ।

**महानगर उपप्रमुख...**

गरेको हो । सम्मेलनमा दक्षिण एसियाली देशबाट ११ जना प्रतिनिधि छानिएका छन् । त्यसमध्ये नेपालबाट डंगोल छिन् । विभिन्न ५० देशबाट प्रतिनिधित्व रहेको यस समूहमा ७ क्षेत्रमध्ये सरकारको प्रतिनिधित्व गर्दै उपप्रमुख डंगोल चयन भएकी हुन् । यस समूहमा ४० वर्षभन्दा कम उमेर भएका विश्वका १ सय १६ युवा नेतृत्व छन् ।

**भारतसागको सीमा...**

गर्न पहल लिनुपर्छ भन्नेमा माओवादी केन्द्र स्पष्ट छ,' उनले दोहोर्‍याए । बैठकलाई सम्बोधन गर्दै प्रचण्डले प्रवासी क्षेत्रमा क्रियाशील नेताकार्यकतालाई पार्टीको मूलधारमा ल्याउन विशेष प्रयास थालिएको जानकारी दिए । उनले भने, 'पछिल्लो स्थायी समितिको बैठकपछि विभिन्न प्रदेशहरूको बैठक बस्ने क्रम जारी छ । अहिले प्रवासमा ठूलो संख्यामा जनशक्ति रहेका हुँदा प्रदेशहरू बढाउने र प्रवासलाई महत्व दिइएको छ ।'

**रूपन्देही...**

बैठकमा उपस्थित नभएकाहरूले पनि निर्णय स्वीकार्ने जानकारी गराएको जिकिर गरेका छन् । त्यस्तै, बैठकले लक्ष्मण किशोर चौधरीलाई संगठन विभाग प्रमुख र प्रवक्तामा पण्डितलाई मनोनित गर्ने निर्णय पनि गरेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# धनेश्वर टेलिफिल्म अवार्ड २०८२ भव्य रूपमा सम्पन्न



काठमाडौं- नेपाली टेलिफिल्म क्षेत्रको प्रवर्द्धन तथा कलाकारहरूको सम्मानका लागि आयोजना गरिएको "धनेश्वर टेलिफिल्म अवार्ड २०८२" भव्यताका साथ सम्पन्न भएको छ । कार्यक्रमले नेपाली टेलिचलचित्र उद्योगको इतिहासमा एक महत्वपूर्ण उपलब्धि कायम गरेको आयोजकले बताएका छन् । कार्यक्रममा बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री माननीय सुरेश श्रेष्ठको प्रमुख आतिथ्यता तथा वरिष्ठ पत्रकार एवं निर्देशक प्रकाश सुवेदी, वरिष्ठ कलाकार देशभक्त खनाल, लक्ष्मण बिक्रम बस्नेत, गोर्खा मिलेनियम सेक्युरिटी सर्भिसेस प्रा ।लि । का लोकबहादुर कटुवाल, राष्ट्रिय सङ्गीतकर्मी संघका महासचिव विनोद ढकाल, समाजसेवी कुमार घतान, दिनेशराज पुरी, दामोदर आर्याल लगायतका विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमको अध्यक्षता धनेश्वर फिल्म्स प्रा.लि.का सञ्चालक खमेश श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रम संयोजकको भूमिका बिकास थापा मगरले निर्वाह गरेका थिए भने रमेश श्रेष्ठ अवार्ड संयोजक, बिशाल राई (ँग) कार्यक्रम व्यवस्थापक, रामकृष्ण कंडेल प्राविधिक संयोजक, र समिर श्रेष्ठ (निवर्तमान अध्यक्ष, धनेश्वर फिल्म्स) लगायतको टिमको सहकार्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

अवार्ड समारोहमा ३४ विधाबाट १७० जना मनोनयन भएका मध्ये ६० जना कलाकार तथा प्राविधिकहरूलाई सर्वोत्कृष्ट, पब्लिक च्वाइस, जूरी र प्रोत्साहन अवार्ड प्रदान गरिएको थियो। साथै, समाजसेवी, पत्रकार, महिला समाजसेवी, वरिष्ठ कलाकार, गीतकार, संगीतकार, गायकरसर्जक आदिलाई पनि विशेष सम्मान प्रदान गरिएको थियो । महिला सम्मानतर्फ मानव सेवा आश्रम, मकवानपुरकी संयोजक इशा थापा र फ्युचर होप नेपाल बाल आश्रमकी सञ्चालक रिता शिवाकोटी (मुकुली) लाई सम्मान गरिएको थियो ।

क ा य र् त्र ５ म म ा बोल्दै प्रमुख अतिथि मन्त्री सुरेश श्रेष्ठले नेपाली टेलिफिल्महरूले हास्यव्यंग्य, सामाजिक, भावनात्मक, काल्पनिक तथा यथार्थ विषयवस्तुका माध्यमबाट दर्शकलाई मनोरञ्जन मात्र नभई सामाजिक रूपान्तरणको सन्देश पनि प्रदान गर्दै आएको उल्लेख गर्नुभयो । उहाँले विविध जातजाति, भाषा, धर्म, भेषभूषा, र मौलिक संस्कृतिको जगेर्ना गर्ने माध्यमका रूपमा टेलिफिल्महरूलाई प्रशंसा गर्नुभयो । धनेश्वर टेलिफिल्म अवार्डका अध्यक्ष खमेश श्रेष्ठका अनुसार, "यस अवार्डमार्फत अग्रज कलाकारहरूदेखि नयाँ पुस्ताका सिर्जनशील व्यक्तित्वसम्मलाई सम्मान गर्ने प्रयास हरिएको बताएकाछन् ।

# अमेरिकाको एएमसी चेनमा प्रदर्शन हुने पहिलो नेपाली फिल्म बन्दै 'बलिदान'




काठमाडौं- यसपालिको दशैंको फूलपातीका दिन प्रदर्शन हुन लागेको फिल्म 'बलिदान'ले अन्तर्राष्ट्रिय बजारमा ऐतिहासिक उपलब्धि सुनिश्चित गरेको छ । अभिनेता समीर भट्टको मुख्य भूमिका रहेको यो फिल्म अमेरिकाको सबैभन्दा ठूलो मल्टी-सिनेमा चेन एएमसीमा प्रदर्शन हुन लागेको हो । यो चेनमा प्रदर्शन हुने ' बलिदान' पहिलो नेपाली फिल्म हुनेछ ।

एएमसी मात्र नभइ सिनेमार्क, मार्कस र रेगल जस्ता अन्य प्रतिष्ठित अमेरिकी मल्टिप्लेक्स चेनहरूले पनि फिल्मलाई प्रदर्शन गर्ने तयारी गरेको निर्देशक सन्तोष सेनले जानकारी दिए । उनका अनुसार फिल्मलाई अमेरिकाभरका २०० भन्दा बढी हलमा एक हजार बढी शोसहित प्रदर्शन गरिनेछ ।

'बलिदान'मा समीरसहित सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरी, सन्तोष सेन, कामेश्वर चौरासिया, प्रजल दुलाल लगायतको अभिनय रहेको छ । यसअघि सार्वजनिक टिजरले फिल्मप्रति दर्शकमाझ व्यापक उत्साह जगाएकाले बक्स अफिसमा ठूलो सफलताको सम्भावना देखिन्छ ।

आशुसेन फिल्म्सको प्रस्तुतिमा बनेको फिल्मलाई पवन ब्राडफोर्ड बिस्टले निर्माण गरेका हुन् भने कार्यकारी निर्मातामा प्रेम पुरी छन् । यसमा दर्शन जीको लेखन, महेश पौडेलको डीओपी, सुजन चापागाईंको संगीत तथा स्टन्डर साम र श्री श्रेष्ठको द्वन्द्व निर्देशन छ ।

# मिस नेपाल-२०२५ को उपाधि लुना लुइटेललाई



काठमाडौं । सन् २०२५ की मिस नेपाल लुना लुइँटेल बनेकी छन् ।

शनिबार ललितपुरको गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजित ग्रान्ड फिनालेमा लुइँटेल मिस नेपाल भएकी हुन् । हिडन ट्रेजरले आयोजना गरेको मिस नेपालको ३१ औं संस्करणमा २५ सुन्दरीलाई पछि पार्दै लुइँटेलले मिस नेपाल वर्ल्ड को उपाधि जितेकी हुन् ।

उनलाई पूर्वमिस नेपाल आस्मा कुमारी केसीले ताज लगाइदिएकी थिइन् । यस्तै, मिस अर्थ सोनी घले भएकी छन् । उनलाई पूर्वमिस अर्थ सुमना केसीले ताज प्रदान गरेकी थिइन् भने मिस नेपाल इन्टरनेसनको ताज उरूषा भण्डारीलाई प्रदान गरिएको छ ।

उनलाई पूर्वमिस नेपाल इन्टरनेसन करूणा रावलले ताज लगाइदिएकी थिइन् ।

# 'हर्ष'को पोस्टरमा पारिवारिक कथाको झल्को




काठमाडौं- अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री वर्षा राउतको मुख्य भूमिका रहेको फिल्म 'हर्ष'को प्रचार अभियान सुरू भएको छ । पहिलो चरणको प्रचारअन्तर्गत दुई नयाँ पोस्टर सार्वजनिक गरिएको छ, जसले फिल्म पारिवारिक कथावस्तुमा आधारित रहेको संकेत गर्छ । पोस्टरमा प्रमुख कलाकारहरूको रोचक उपस्थितिले दर्शकको ध्यान तानेको छ ।

दुई पोस्टरमध्ये पहिलोमा खगेन्द्र र वर्षासँगै शर्मिला मल्ललाई खुसी मुद्रामा देख्न सकिन्छ भने कलाकार सन्तोष पन्त असन्तुष्ट भावमा प्रस्तुत भएका छन् । दोस्रो पोस्टरमा गीतको सम्भावित दृश्य समेटिएको छ, जहाँ खगेन्द्र, वर्षा र सन्तोषसहित विशाल पहारी, लुनिभा तुलाधर, माओत्से गुरुङ र अंशु महर्जन नाचिरहेका देखिन्छन् । नीर शाह भने गम्भीर भावमा प्रस्तुत छन् ।

आगामी मंसिर १२ गते प्रदर्शनमा आउन लागेको 'हर्ष'को निर्देशन एकता पौडेलले गरेकी हुन् । उनी दिवंगत निर्देशक शिव रेग्मीकी भान्जी हुन् । यसअघि उनले फिल्मको टाइटल भिडियो मामालाई स्मरण गर्दै सार्वजनिक गरेकी थिइन् । उनले न्यूयोर्क फिल्म एकेडेमीमा फिल्म मेकिङको अध्ययन तथा आमसंचारमा स्नातक गरेकी छन् ।

निमा पाण्डे, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जन, संगीता नापित लगायतको पनि अभिनय रहेको यो फिल्ममा निर्देशक पौडेल स्वयंको कथा छ भने आलोक शुक्लाको छायांकन, लोकेश बज्राचार्यको सम्पादन तथा सुनिल क्षेत्री र एकता पौडेलको कोरियोग्राफी रहेको छ ।

# 'हरिबहादुरको जुत्ता'को 'ढाका टोपी शिरैमा' गीत सार्वजनिक

काठमाडौं- यसपालिको दशैंको फूलपातीबाट प्रदर्शन हुन लागेको फिल्म 'हरिबहादुरको जुत्ता'को दोस्रो गीत 'ढाका टोपी शिरैमा' युट्युबमा सार्वजनिक भएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजनापछि सार्वजनिक गरिएको उक्त गीतमा आशिष अविरल र मेलिना राईको स्वर, दानबहादुर कार्कीको शब्द र दीपक शर्माको संगीत छ । गीत लोक लयमा आधारित छ ।

किरण थापाको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी प्रकाश सपूत र स्वस्तिमा खड्काले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । भिडियोका केही दृश्यमा कलाकार हरिवंश आचार्यलाई पनि देख्न सकिन्छ । माया-प्रेम र नोकझोंकको वरिपरि घुमेको गीतको भिडियोमा प्रकाश र स्वस्तिमाको पात्रबीच आकर्षण र असहमतिको द्वन्द्व देखिन्छ ।

दीपेन्द्र के. खनालको निर्देशनमा बनेको फिल्ममा हरिवंश, प्रकाश र स्वस्तिमासहित प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, कमलमणि नेपाल लगायतको अभिनय रहेको छ । फिल्ममा हरिवंशले आफ्नो चर्चित पात्र हरिबहादुरको





भूमिका निभाएका छन् । चोरको छवि बनाएको यो पात्रको भावनात्मक पाटो फिल्ममा देखाइएको उनले बताए ।

सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेको यो फिल्ममा कृष्ण बहादुर थापाको छायांकन र नहकुल खड्काको सम्पादन रहेको छ । फिल्मको यसअघि सार्वजनिक 'बेला बितेसी' दर्शकमाझ लोकप्रिय बनिरहेको छ । युट्युबमा यो गीतलाई २० लाखभन्दा बढी पटक हेरिएको छ भने २ लाख बढी टिकटक भिडियो बनेका छन् ।

# 'कुमारी'को घोषणामा केहरले गाएको गीत 'कहाँ छौ' रिलिज



काठमाडौं- गत शुक्रबार काठमाडौंको टुँडिखेलमा एक सांगीतिक कार्यक्रमका बीच लभस्टोरी फिल्म 'कुमारी'को घोषणा गरिएको थियो । त्यस कार्यक्रममा गायक केहर सिंह लिम्बू र उनको ब्यान्ड केहर एन्ड द लुङ्गाले फिल्मका लागि तयार पारेको गीत 'कहाँ छौ' दर्शकमाझ प्रस्तुत गरेको थियो । सोही प्रस्तुतिको भिडियोसहित सोमबार उक्त गीत युट्युबमार्फत सार्वजनिक गरिएको छ ।

प्रेमका भावना व्यक्त यस गीतमा 'कुमारी'बाट पार्श्व गायनमा डेब्यु गरेका केहर सिंह लिम्बूको स्वर सुन्न सकिन्छ । यसमा उनको ब्यान्डका सदस्यहरूको शब्द तथा संगीत रहेको छ । गीतको भिडियोमा फिल्मको घोषणा, पोस्टर अनावरण तथा कलाकारहरूको परिचय समेत समावेश गरिएको छ । फिल्मका अरु दुईवटा गीत पनि केहरले नै गाएका छन् ।

भोलि मंगलबारबाट छायांकन सुरु हुने फिल्मको निर्देशन दिनेश राउतले गर्नेछन् । लभस्टोरी फिल्मका लागि परिचित उनी करिब ८ वर्षपछि आफ्नै जनरामा फर्किएका हुन् । 'कुमारी'मा अबिशेक खड्का र आकृति राजभन्डारीको मुख्य भूमिका रहनेछ ।अबिसेकले यसअघि फिल्म 'बेहुली फ्रम मेघौली'मा अभिनय गरेका थिए । आकृति भने चर्चित गीत 'बार्दली'की मोडल हुन् ।

'प्रकाश'का निर्माता महेन्द्र अधिकारीको लगानी रहने यस फिल्ममा अबिशेक र आकृतिसँगै घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनीषा शर्मा, भूपी लुहार लगायतको पनि अभिनय रहनेछ । बिनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा बन्न लागेको यो फिल्ममा विकास सुवेदीको लेखन रहेको छ ।

फिल्ममा सुसन प्रजापतिको छायांकन, सुप्रिम पराजुलीको रङ्ग संयोजन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, किरण थापाको कोरियोग्राफी, केहर सिंह लिम्बू, सुमन तामाङ र प्रशान्त सिवाकोटीको संगीत तथा सागर लामिछाने मगर, सुमन तामाङ र युवराज काफ्लेको गीत रचना रहनेछ । 'कुमारी'लाई यसै वर्ष प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ६,
२०८२ साल भदौ १७ गते मंगलबार
2 SEPTEMBER 2025, TUESDAY

# दसैं नजिकिएसँगै गाडी बिक्रेता बेचैन




काठमाडौं- दुई ठूला अटो शोमा बुकिङ भएका सवारीसाधन कसरी भित्र्याउने भन्नेमा व्यवसायी तनावमा देखिएका छन् ।

बुकिङबाट उत्साही व्यवसायी चीनसँगका दुई नाकाको अवस्थाले तनावमा देखिएका हुन् । असार २४ देखि बन्द भएको मुख्य व्यापारिक नाका कहिले खुल्छ भन्ने अझै टुंगो छैन । तीन साता बन्द भएर हालै खुलेको तातोपानी नाकाप्रति पनि व्यवसायी त्यति ढुक्क छैनन् ।

जसकारण दसैं अगाडि गाडी डेलिभरीमा समस्या हुने व्यापारीको अनुमान छ । चिनियाँ ब्राण्डका गाडी बिक्री गर्ने व्यवसायीहरूमा नाका जोड्ने सडकको अवस्थाका कारण बेचैन बढेको हो ।

बजेट अगाडि भित्र्याइएका पुराना गाडी डेलिभरीमा व्यवसायीलाई समस्या छैन । तर, अटो शोमा लन्च गरिएका नयाँ गाडी बाटोका कारण दसैं अगाडि ल्याउन समस्या हुने देखिएको छ ।

तातोपानी नाकाबाट व्यवसायीहरूले बाटो खुलेको समयमा पालैपालो गाडी भित्र्याउने गरेका छन् । तातोपानीका भन्सार अधिकृत सूर्यप्रसाद काफ्ले बाटो अनिश्चित रहेको बताउँछन् । 'अहिले फेरि पहिरोका कारण बाटो बन्द छ । कहिले खुल्छ निश्चित छैन,' काफ्लेले भने, 'पारि नयाँ सवारीसाधनसहितका कन्टेनर आएर बसेका छन् । तर, बिग्रिने सामानलाई प्राथमिकतामा राखिएको छ ।'

असार २४ गतेको बाढीले पुल बगाएको मितेरी पुलको फाउन्डेसन धमाधम तयार भइरहेको रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसी भट्टराईले बताए ।

भट्टराईका अनुसार पुल अर्को हप्तासम्म सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । पुल बने पनि नेपालतर्फको बाटोका कारण रसुवा भन्सार हुँदै काठमाडौंमा गाडीलगायत सामान ल्याउन सहज छैन ।

ओमोडा एण्ड जेको गाडीको आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइल्सका महाप्रबन्धक ज्ञानेन्द्रबहादुर चन्दले बाटो नखुलेको अवस्थामा गाडी डेलिभरी गर्न समस्या रहेको बताए ।

'रसुवाको बाटो केही दिनमा खुल्ने सम्भावना छ । पानी परेन भने गाडी ल्याउन सकिन्छ,' उनले भने । बाटो खुलेको १०-१२ दिनभित्र गाडी डेलिभरी गर्न सकिने चन्दको भनाइ छ । बीवाइडीको आधिकारिक बिक्रेता साइमेक्स इंकका सेल्स हेड आशुतोष गौतमले गाडी डेलिभरी दुई नाका सञ्चालनसँग निर्भर रहेको बताए । 'केही गाडी आइरहेका छन् । केही ट्रान्जिटमा छन् । बाटो खुल्यो भने बीवाइडी एटो-१ मोडल ७-८ दिनमा डेलिभरी गर्ने योजना छ,' उनले भने, 'एटो-२ मोडल ल्याउन १५-२० दिनसम्म लाग्न सक्छ । चीनबाट ल्याउनुपर्ने भएकाले सडकको अवस्थामा भर पर्छ । नाका खोल्ने र सडक सहज बनाउने कुरा हाम्रो हातमा छैन ।'

यसअघि उत्पादकले समयमै गाडी नदिंदा डेलिभरीमा ढिलाइ हुने गरेकामा अहिले सडक बाधक बनेको छ । साइमेक्स इंकले सिलायान ७ को डेलिभरी सुरु गरिसकेको छ ।

डिपलको आधिकारिक बिक्रेतालाई भने गाडी डेलिभरी दिन समस्या छैन । डिपल एस०७ स्टकमा छ । नयाँ गाडी एस०५ थाइल्यान्डबाट आउने भएकाले केही समस्या नरहेको एमएडब्लू वृद्धिका प्रमुख कार्यकारी अधिकृत रुपेश भट्ट बताउँछन् ।

'हामीलाई डिपलको गाडी डेलिभरी दिन समस्या छैन । अहिले पनि डेलिभरी भइरहेको छ । एस०५ पनि थोरै संख्यामा डेलिभरी भइरहेको छ,' उनले भने ।

डोङफेङ नामी गाडी ग्राहकलाई उपलब्ध गराउन एमएडब्लू वृद्धिलाई सहज छैन । यो गाडी चीनबाट आयात हुन्छ । टाटाका गाडी डेलिभरीमा भने कुनै समस्या छैन । टाटा गाडीको बिक्रेता सिप्रदी ट्रेडिङका निर्मल खत्रीले आफूहरूको सप्लाई चेनमा सडकका कारण कुनै समस्या नपर्ने बताए ।

'अहिले उत्तरी नाकापट्टि मात्रै बाटोको समस्या छ । हाम्रा ग्राहकले चाहेको बेला गाडी पाउन सक्नेछन् । दसैंको समयमा भने उच्च मागका कारण रङ वा मोडल छनोटमा केही समस्या हुन सक्छ । यस्तो अवस्थामा डेलिभरीमा निर्धारितभन्दा अली बढी समय लाग्ने सम्भावना हुन्छ,' उनले भने ।

भारत हुँदै आउने अन्य सवारीसाधनको डेलिभरीमा समस्या नहुने बिक्रेताहरूले बताएका छन् ।


## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरू ।

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत जानकारी (जस्तैः इत्ए, पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ / मिल्दैन सो बारे जानकारी राखौं,
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौं,
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# पोखरामा ओमोडा एण्ड जेकोको नयाँ शोरूम उद्घाटन, जेको जे ५ सार्वजनिक




पोखरा- पर्यटकीय नगर पोखरामा ओमोडा एण्ड जेकोको आधिकारिक वितरक इलाइट मोटर्स प्रालिले नयाँ शोरूमको औपचारिक उद्घाटन गरेको छ । उक्त अवसरमा गण्डकी प्रदेशमा नयाँ जेको जे५ गाडी पनि सार्वजनिक गरिएको छ ।

पोखराको शिवचोक-१० मा सञ्चालनमा ल्याइएको नयाँ शोरूम 'थ्री एस' (सेल्स, सर्भिस र स्पेयर) सुविधासहित पूर्ण रूपमा अद्यावधिक गरिएको कम्पनीले जनाएको छ । झण्डै २०,००० वर्गफुट क्षेत्रफलमा फैलिएको शोरूमले ग्राहकलाई एउटै स्थानमै सबै सेवा उपलब्ध गराउने उद्देश्य राखिएको छ ।

अत्याधुनिक प्रविधिबाट सुसज्जित सर्भिस सेन्टरले बिक्रीपछि प्रदान गरिने सेवाको गुणस्तरलाई अझ मजबुत बनाउने जनाइएको छ । सर्भिस सेन्टरमा काम गर्ने प्राविधिकहरुलाई अनुभवी प्राविधिक र प्रतिनिधिहरूद्वारा प्रशिक्षण दिइएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

शोरूम उद्घाटनसँगै नयाँ जेको जे५ पोखरामा औपचारिक रूपमा सार्वजनिक गरिएको छ । नाइमा एक्स्पोमा पहिलोपटक प्रदर्शित यो गाडी लक्जरी एसयुभी वर्गमा शक्तिशाली विशेषता र आकर्षक डिजाइनका कारण छुट्टै पहिचान बनाउने लक्ष्य राख्दछ । जेको जे५ का प्रमुख सुविधाहरूमा १८५ मिलिमिटर ग्राउन्ड क्लेरेन्स, प्यानोरामिक सनरूफ, १८ इन्चको अलोय ह्वीलसहितको स्पेयर टायर, ४६१ किलोमिटर ड्राइभिङ रेन्ज, र ४८० लिटर बुट स्पेस रहेका छन् ।

उद्घाटन समारोहमा प्रमुख अतिथिका रुपमा गण्डकीका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापा र प्रदेश सभा सदस्य प्रकाश बरालको उपस्थिति थियो । विशेष अतिथिका रूपमा एसपीजी अटोमोबाइल्सका प्रबन्ध निर्देशक सन्दीप कुमार शारडा, निर्देशक गौरव शारडा सहभागी थिए ।

इलाइट मोटर्स प्रालिका प्रबन्ध निर्देशक गोपाल बरालले भने, 'पोखरा हाम्रो लागि प्रमुख बजार हो । नयाँ शोरूम र प्रिमियम उत्पादनमार्फत ग्राहकलाई अझ उन्नत अनुभव प्रदान गर्ने हाम्रो प्रतिबद्धता पुनः सुनिश्चित भएको छ । जेको जे५ हाम्रो अत्याधुनिक प्रविधि र नेपालमा दिगो गतिशीलता प्रोत्साहन गर्ने मिसनको प्रतीक हो ।'

# नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपालको विशेष साधारण सभा

काठमाडौं- मिति २०८२ भाद्र ८ गते बसेको नाडाको २१औं केन्द्रीय कार्यसमितिको बैठकले डेढ दशक लामो प्रतीक्षा पछि नाडालाई विधानत महासंघमा लैजाने निर्णयार्थ मिति २०८२ भाद्र २४ गते, मङ्गलबार बिहान ११: ०० बजे, द प्लाजा, झम्सिखेल, ललितपुरमा विशेष साधारण सभा बोलाउने निर्णय गरेको छ । केन्द्रीय कार्यसमितिको यस्तो ऐतिहासिक निर्णयलाई कार्यान्वयनमा लैजान नाडाका सदस्यरूको निर्णायक र अहम भूमिका हुने भएकोले यहाँको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ । स्वयम सदस्यज्यूहरूको लामो समय देखिको इच्छ्या, चाहना र आकांक्षालाई मूर्तरूप दिन यस्तो निर्णय गरिएको र यसले नाडालाई वास्तविक रुपमै राष्ट्रिय स्तरको संस्था बनाउने र आफ्ना सदस्यहरूको हक हितको समेत समुचित रुपमा संरक्षण हुने भएकोले यहाँहरूको गरिमामय उपस्थितिका लागि पुन सादर अनुरोध गर्दछौ ।






जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार